# परिच्छेद - एक

# परिचय

## १.१ पृष्ठभूमि

भौगोलिक रूपमा सानो राष्ट्रको रूपमा रहेपनि यहाँको भौगोलिक विविधता अतिरिक्त आफ्नै किसिमको अलग्गै मौलिक सामाजिक साँस्कृतीक विशेषताहरू रहेका छन् । यस देशका विभिन्न समुदाय, जात तथा जनजातीहरूको आफ्नै मौलिकता, संस्कृती, परम्परा र रितिरिवाजहरू रहेका छन् । यस नेपाल राष्ट्रको धरातलिय वातावरण तथा वनस्पतीहरूमा विविधता पाइन्छ । जसमा विभिन्न जाति, जनजाती तथा भाषा भाषिका मानव समुदायहरू बस्ने गर्दछन् । नेपालको इतिहासलाई हेर्ने हो भने यहाँ बसोबास गर्ने विभिन्न जाति र समुदायका मानिसहरू विभिन्न समयमा उत्तर र दक्षिणबाट नेपाल प्रवेश गरेका पाइन्छ । यसरी विभिन्न समयमा नेपाल प्रवेश गर्ने क्रममा विभिन्न जाति समुदायहरूले आफ्नो भाषा, धर्म र संस्कृतीलाई संगै लिएर आए, समय क्रमसँगै परिवर्तनहरू पनि भए । यहि क्रममा नेपालमा जातिय विविधता देखा पर्‍यो । यस देशमा विभिन्न जात तथा समुदायको आफ्नै मौलिककला संस्कृती परम्परा र रितिरिवाजहरू रहेका छन् । हरेक जाति जनजातिहरूको आ-आफ्नै जनजातिय विशेषता, सांस्कृतिक जीवनशैलि र मूल्यमान्यताहरू छन् । अधिकांश जातजातिका आ-आफ्नै भेषभुषा र निश्चित भौगोलिक वासस्थान रहेको पाइन्छ । यति धेरै आ-आफ्नै मौलिक संस्कृत, भेषभुषा जीवनशैलि र मुल्यमान्यता बोकेको जाति जनजातीहरू नेपालमा बसोबास गर्दै आए पनि यहाँका विविध जाति जनजातिको बिचमा द्वन्द्व तनाव भएको देखिदैन । राष्ट्रियता प्रति सवैको एकमत देखिन्छ र एक अर्का विचको सामाजिक सहिष्णुता रहेको पाइन्छ । एक जातिको कला संस्कृती, धर्म तथा रितिरिवाजहरूलाई अर्को जातिले अभिरूचिपूर्वक अवलोकन गर्ने गरेको पाइन्छ । नेपाली समाजमा अनेकतामा एकता रहेको छ । अहिले सम्म पहिचान गरिएका जनजातिहरूमध्य मुख्यत पहाडी क्षेत्रमा परापूर्वक कालदेखि वसोवास गर्दै आएको एउटा जनजाति राई पनि हो । राईहरू एउटा मंगोलियन मुलका जनजातिमा पर्दछन् । अधिकांश राईहरूको बसोबास कोशी अञ्चलका विभिन्न जिल्लाहरू भोजपुर, खोटाङ्ग, संखुवासभा, उदयपुर, धनकुटा मा रहेको पाइन्छ । पहाडी भागहरूमा बस्दै आएका राईहरू

वर्तमान समयमा नेपाल अधिराज्य देखि लिएर हङकङ, बेलायत, भुटान, सिक्किम र दार्जलिङ लगाएतका क्षेत्रमा समेत छरिएका रहेका छन् । नेपालमा वाइसे चौविसे राज्यहरू रहेको समय देखिनै आफ्नो छुट्टै राज्य तथा शासन सञ्चालन गर्दै आएका राई जति अहिले पनि विभिन्न निकायहरुमा उच्चतम पद ओगट्न सफल भइरहेका छन् । इमान्दार, बहादुरी तथा शाहसीका रूपमा चिनिएका राईहरू वर्तमान समयसम्म देश तथा विदेशमा पनि सुरक्षाका क्षेत्रमा धेरै खटिइरहेका छन् । सोझा, इमान्दार, मेहनेति र कर्तव्यनिष्ट जातको रूपमा चिनिने राई जातिको शारीरिक बनावट अन्य जातिको भन्दा फरक हुने भएतापनि कतिपय मंगोलियन जातिहरु सँग भने मिल्दोजुल्दो देखिन्छ । यिनिहरु छोटा कद भएका, थेप्चा नाक भएका, आँखा साना र राता-राता गाला र शरिरमा रौ कम हुने यस जातिका महिला पुरूषको विशेषता हो । राई जातिको समुदाय मुख्य रूपमा पहाडमा बसोबास गरेतापनि केही मात्रामा हिमाली क्षेत्रमा समेत वसोवास गर्दछन् । पछिल्ला समयमा धरान, इटहरी, काठमाडौँ लगायत तराइका विभिन्न भु-मागमा समेत बसाई सराईका माध्यमबाट राईहरू बसोबास गर्दै आएका छन् । राईहरू अन्य जनजातिको तुलनामा सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, प्रशासनिक तथा नीतिनिर्माण तहमा अगाडि बढीसकेका छन् (मुकारुङ राई, २०६७) ।

राष्ट्रिय जनगणना २०६८ मा जम्मा १२५ वटा जातजातिहरु रहेको देखिएको छ । जसमध्ये ५९ जाति आदिवासी जनजाती रहेका छन् । नेपालमा कायम रहेको जम्मा जातजाति मध्ये राई पनि जनसंख्याको हिसावले प्रमुख १० वटा जातजातिभित्र पर्ने जाति हो । वि.सं. २०५८ को अनुसार ६३५१५१ रहेको राई जाति वि.सं. २०६८ को जनगणनामा घटेर ६२०००४ मा झरेको छ । विशेष गरि किरात धर्म मान्ने राई जातिहरु अहिले क्रिश्चियन धर्म प्रतिपनि आकर्षित देखन्छ (जनगणना, २०६८) ।

राई जातिका पुरूष र महिला दुवै परीश्रमी तथा वलिया हुन्छन् । पुरूषहरू मजदुरी, मेलाको काम, खेत जोत्ने, खन्ने, दाउरा ल्याउने, कडा भारी वोक्ने जस्ता काम गर्दछन् भने महिलाहरू घरमा खाना पकाउने, भाडा माझ्ने, रक्सी जाँड वनाउने, वच्चा वच्ची स्याहार, गाइ वस्तु, वाखा वस्तु, वाखा, कुखुरा आदिको हेरचाह र दानापानी खुवाउने काम गर्दछन् । राईजातिका पुरूषहरू सैनिक/प्रहरी पेशा मन पराउँछन् । त्यसैले गर्दा यिनिहरु नेपाली सेना

तथा प्रहरी, भारतिय सेना, बेलायती सेना साथै सिंगापुर पुलिसको रुपमा धेरै राई जातिका मानिसहरु कार्यरत रहेका छन् । यिनिहरु सानै उमेरदेखि यहि पेशा तर्फ अकार्षित हुने गर्दछन् । स्कुलमा पढ्दै गरेका युवकहरू सैनिक/प्रहरीमा जान पाउने हो भने पढनै छाडिदिन्छन् । यसरी सेना प्रहरीका साथै अन्य वैदेशिक रोजगारीको शिलशिलामा पनि राईहरु प्रसस्तै गएका पाइन्छ । यिनिहरू व्यवहारमा सोझा र इमानदार हुने भएकाले स्वदेश तथा विदेशमा उनीहरूलाई महत्व दिन्छन ।

नेपालका अन्य क्षेत्रमा वसोवास गर्ने जनजातिहरूमा जस्तै यहाँका राईहरूमा पनि विभिन्न संस्कारहरू रहेका छन् । जस्तै जन्म संस्कार, कुल पुजा, पितृ पुजा, वच्चा जन्माइसकेपछि गरिने न्वारान, विवाह संस्कार आदि गरिन्छ र विवाह संस्कारमा कालो छाता आनिवार्य मानिन्छ । यि सवै खाले संस्कारहरूमा जाँड रक्सी र मासुको महत्व रहेको हुन्छ । समाजमा हुने सवै खाले संस्कारहरूमा पुजारी, धामी झाक्रि र जेष्ठ व्यक्तिको महत्वपूर्ण स्थान हुन्छ । मानिसहरू विरामी हुँदा स्वास्थ्य संस्था कम जाने गर्ने शुरूमा धामी, झाँक्रि कहाँ गई उपचार गराउने प्रचलन छ ।

विशेष गरी प्रदेश नं. १ को विभिन्न जिल्लाहरुमा मुख्य बसोबास रहेको राई जातिहरु रोजगारीको शिलशिलामा देशभर छरीएर रहेका छन् साथै पछिल्ला समयमा विभिन्न संघ संस्थामा संगठित भएका छन् । आफ्नो जाति, धर्म, संस्कृतीको रक्षा, आपसी सम्वन्ध वलियो वनाउन यस क्षेत्रमा बसोबास गर्ने राईहरू किरात राई यायोख्खामा आबद्ध छन् (हतुवाली, २०६५) ।

नेपाली सामाजिक सांस्कृतिक विकासमा राई जातीको महत्वपुर्ण भूमिका देखिन्छ र परम्परागत देखि वर्तमानसम्म विद्यमान उनीहरूको सामाजिक, सांस्कृतीक संस्कारहरूले समग्र नेपाली सांस्कृतीक सम्पदाको संरक्षण गरेको छ । किनकी जनजातिय संस्कृति भनेको कुनै एक जाति विशेषको मात्र नभई राष्ट्रकै साझा सम्पत्ति हो । परम्परागत पेशा तथा व्यवासायबाट माथी उठ्दै गरेका राईहरु आफ्नो मौलिक संस्कृतीको संरक्षण गर्ने साथसाथै आधारभुत आवश्यकताको परीपूर्ति गर्ने सन्दर्भमा मात्रै सिमित छैनन् । मौलिक लोकसंस्कृती, रितिरिवाज, विवाह संस्कार, चाडपर्व, पुजाआजा, विस्तारै परसंस्कृतीकरणको प्रभावले हराउँदै जान थालेको

छ । भने आजको परिवर्तित सन्दर्भमा पनि राई जाति कतिपय ग्रामिण भेगमा अन्धविश्वास र रूढिवादी मान्यताबाट समेत ग्रसीत छन् । अर्कोतिर हरेक संस्कारगत कार्यमा जाड रक्सी अनिवार्य चाहिने अतिथि संस्कारमा रक्सीले स्वागत गर्ने संस्कारले सामाजिक, सांस्कृतीक एवं आर्थिक जीवनमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

## १.२ समस्याको कथन

नेपाल एक बहुभाषिक वहु धार्मिक तथा वहु जातिय देश हो । यहाँ बसोबास गर्ने अधिकांश जनजातिको आ-आफ्नो भाषा, भेषभुसा, धर्म, प्रथा, रितिरिवाज भएको पाइन्छ । यसरी आ-आफ्नै जातिय विशेषता भएका नेपालका सवै जाति जनजातिहरूको समाजशास्त्रयि दृष्टिकोणबाट पर्याप्त अध्ययन हुन सकिरहेको छैन भने कतिपयले मुलथलोको सम्वन्धमा अध्ययन गरेपनि आप्रवासीहरूको अवस्थाका वारेमा अध्ययन भएको छैन । सामाजिक, सांस्कृतीक, आर्थिक, धार्मीक विविधता भएका जातीहरू मध्य राई जाति पनि एक हो । एउटै राई जातिका विचमा पनि भाषा संस्कृती र प्रथा संस्कार फरक फरक पाइन्छ भने धार्मीक दृष्टिकोणबाट हेर्दा कुनै ठाउँका राई जातिले किरात त कसैले हिन्दु धर्म तथा क्रिश्चियन धर्म अपनाएको पाइन्छ । भाषाका दृष्टिकोणबाट हेर्दा विभिन्न ठाँउको बसोबास अनुसार र उपजात अथवा थर अनुसार यस जातिमा भाषिक तथा सांस्कृतिक विविधता भएको पाइन्छ । (किरात राई यायोक्खा, २०५५) ।

नेपालका विभिन्न स्थानमा वसोवास गर्ने राईहरूको सामाजिक, सांस्कृतीक, आर्थिक अवस्था भिन्दाभिन्दै रहेको पाइन्छ । यस्तो अवस्थामा यस सुनसरी जिल्ला धरान उपमहानगरपालिका २० विष्णुपादुकाका राई जातीहरू परम्परागत पेशाबाट माथि उठन् सकिरहेका छैनन् । यहाँका राईहरूको जीविकोपार्जनको मुख्य श्रोत कृषि भएता पनि खेती योग्य जमिनको अप्रयाप्तता, परम्परागत खेतीप्रणाली, उन्नत मल विउको अभाव, सिंचाईको अप्रयाप्तताका कारण वढ्दो जनसंख्यालाई कृषिले मात्र धान्न सक्ने अवस्था छैन । उत्पादित अन्नको अधिकांश मात्रा रक्सी उत्पादन गर्दा प्रयोग गर्ने हुँदा उनीहरूमा झनै समस्या थपेको देखिन्छ । यस धरान उपमहानगरपालिका २० विष्णुपादुकाका राई समुदायहरू समेत यि समस्याबाट अलग रहन सकेका छैनन् । राई जाति एउटै भएता पनि नेपालको भौगोलिक

अवस्था, वातावरण तथा सांस्कृतीक समुहहरूसँगैको घुलमिलका कारण एउटै जातिमा पनि विविधता पाइन्छ । यस जातिको सामाजिक, सांस्कृतीक र आर्थिक अवस्थाको अध्ययन गरी यस जातिको सामाजिक सांस्कृतीक अवस्थाको विभिन्न क्षेत्रगत विषयमा थप खोज अनुसन्धान र संरक्षण गर्न आवश्यक देखिन्छ । साथै यस अध्ययन क्षेत्र सुनसरी जिल्लाको धरान उपवमहानगरपालिका २० विष्णुपादुकाका राईहरूमा आफ्नै मौलिकता पाइनुले त्यहाँका राईहरूको मौलिक सामाजीक सांस्कृतीक पक्ष के हो ? त्यसमा के कस्तो परिवर्तन आएको छ । यस समुदायका राई जातिको प्रारम्भीक अवस्था कस्तो थियो र वर्तमान कस्तो परिवर्तन छ ? आर्थिक सामाजिक शैक्षिक अवस्थामा पछाडि पर्नुका कारणहरू के के रहेका छन् ? यस जातिको मौलिकता जोगाउन के गर्नु पर्ला ? उत्पादनशिल भूमिको अवस्था कस्तो छ, त्यसमा कसको स्वामित्व छ ? भूमिको स्वामित्वमा कति परिवर्तन आएको छ ? उनीहरूलाई अगाडी वढ्न के ले रोकेको छ ? आदि जस्ता सामाजिक व्यवस्था भित्रका पक्षहरू यस अनुसन्धानका समस्याहरू रहेका छन् ।

यस सुनसरी जिल्ला धरान उपमहानगरपालिका २० विष्णुपादुकामा वसोवास गर्ने राईहरूमा नेपालका अन्य भु-भागमा वसोवास गर्ने राईहरूमा जस्तै आफ्नै सामाजिक सांस्कृतीक संस्कारहरू पाइएको र राई जातिको समाजिक, सांस्कृतीक आर्थीक अवस्थाका वारेमा हालसम्म कहिं कतैबाट अध्ययन नभएकोले यस समुदायमा विगत केही समय देखि घुलमील हुँदै जाँदा राई जातिको परम्परा र उनीहरूको मौलिक संस्कृतीबाट प्रभावित भएर यस क्षेत्रमा वसेका राई जातिको सामाजिक-सांस्कृतीक र आर्थिक अवस्था वारेमा सक्दो सत्य तथा प्रमाणहरू जुटाइ यो सोधपत्र तयार गरिएको छ ।

प्रत्येक जातिको संस्कार संस्कृतिले उसको पहिचान झल्काउँदछ । राई जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाले राईहरुको पहिचान र वास्तविक अवस्थालाई उजागर गर्दछ । सामाजिक सांस्कृतिक कुराहरुलाई खोजी गर्नु र त्यसलाई बचाइराख्नु अनिवार्य र चुनौती भैरहेको । यसै परिप्रेक्ष्यमा रहेर यस अध्ययनले निम्न प्रश्नहरुलाई जो दिइएको छः

क) राई जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था कस्तो छ ?

ख) आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य अवस्थामा कस्तो परिवर्तन आएको छ ?

ग) राई जातिको भेषभुषा, रहनसहन, चाडपर्व कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य सुनसरी जिल्ला धरान उपमहानगरपालिका २० विष्णुपादुकाका राई जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था पहिचान गुर्न रहेको छ, भने यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहको छ ।

(क) अध्ययन क्षेत्रमा रहेका राई समुदायको पारीवारीक संरचना, स्वास्थ्य तथा शैक्षिक अवस्था तथा सामाजिक आर्थिक अवस्थामा आएको परिवर्तन पत्ता लगाउनु ।

(ख) अध्ययन क्षेत्र भित्रका राई समुदायका रहनसहन, भेषभुषा तथा चाडपर्व पहिचान गर्नु ।

## १.४ अध्ययनको महत्व

नेपाल अनेकौं जाति तथा जनजातिय विविधता वोकेको देश हो । कुनै पनि जाति जनजाति वा समुदायको सामाजिक तथा सांस्कतीक पक्षको पहिचान गर्नु र व्याख्या विश्लेषण गर्नु एउटा महत्वपूर्ण कार्य हो । बिभिन्न समुदायका जाति जनजातिहरूको अध्ययनले उनीहरूको अवस्था र त्यसमा समय अन्तरालमा आएको परिवर्तन, उनीहरूको समस्याहरूको वास्तविक तथ्यहरूको वारेमा जानकारी गराउँदछ । अध्ययन अनुसन्धानबाट पत्ता लागेका तथ्याहरूको आधारबाट नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन गर्ने तर्फ मद्दत पुऱ्याउँदछ । त्यस्ता किसिमका स्थान वा जातजातिमा कुनै कार्यक्रमहरू लागु गर्न योजनाविद् तथा सम्वन्धीत पक्षलाई सजिलो पर्न जानेछ । जसले गर्दा सरकारी एवं गैरसरकारी संघ संस्थाहरूको समय र आर्थिक बचत हुन जान्छ ।

राईहरू नेपालको ऐतिहासिक शासकको रूपमा रहे पनि ईतिहाँसमा यस पक्षलाई महत्व दिएर लेखेका पाइदैन । राईहरू शासकको रूपमा रहेको प्रमाण रहे पनि इतिहासमा उल्लेख गरेको पाइएतापनि कतिपय राई जातिकै मानिसहरुलाई यसको बारेमा ज्ञान नभएको पाइन्छ । त्यसैले यस अध्ययन क्षेत्रका साथै अन्य क्षेत्रका राई समुदायका लागि यस अध्ययन उपयोगि हुनेछ । यस शोधपत्रले यस अध्ययन क्षेत्रका राईहरूको सामाजिक जीवन शैलि, मौलिक

सास्कृतिक परम्परा, समय अन्तरालमा त्यसमा आएको परिवर्तन, जीविकोपार्जनका लागि अपनाईएका आर्थिक क्रियाकलापहरूको समेत प्रकास पार्नेछ ।

# परिच्छेद-दुई

# पूर्व साहित्यको पुनरावलोकन

यस परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाकाको बारेमा चर्चा गरिएको छ । समस्यको समाधानको निमित्त विकल्पहरुको खोजि गर्न सम्वन्धित साहित्यको पुन अध्ययन गर्न आवश्यक भएकाले यस भन्दा अगाडिका अनुसन्धानकर्ता र विभिन्न विद्धानहरुको अध्ययनलाई पुनरावलोकन गरिएको छ । पूर्व साहित्यको पुनरावलोकनले सम्वन्धित विषयमा पहिले गरेका खोजहरुको मूल्याङ्कन गर्नु सहयोग पुऱ्याउछ । अनुसन्धान कार्यलाई तथ्यपूर्ण र शिलशिलेबार रुपमा प्रस्तुत गर्न, समस्यालाई स्पष्ट पार्न विषय दोहोरिन नदिई नया कुरा पत्ता लगाउन सम्वन्धित साहित्यको अध्ययनले सहयोग गर्ने गर्दछ । साहित्यको पुनरावलोकनले अध्ययनकार्यलाई सहजता बनाउने गर्दछ । नेपालमा बसोबास गर्ने विभिन्न जनजातिहरु मध्ये राई जातिको सामाजिक, सांस्कृतीक र आर्थिक अवस्था वारे विभिन्न स्वदेशी तथा बिदेशी बिद्धानहरूले विभिन्न लेख रचना र पुस्तकहरू प्रकाशित गरेका छन् । जसको संक्षिप्त वर्णन यस प्रकारले गरिन्छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

प्रकार्यत्मक दृष्टिकोणबाट हेर्दा सामाजिक संरचनाको मूल अधार नै सामाजिक सम्वन्ध हो । समाज भित्र रहेका विविध पक्षहरुको आपसी सम्वन्धले मात्र समाजको अस्तित्व सम्भव छ । समाजमा शान्ति र शुव्यवस्था कायम गर्न यिनै विभिन्न तत्वहरुको समन्वयको आवश्यकता पर्दछ । समाजले आफ्नो लक्ष्य प्राप्तिका लागि यि एकाइहरु बीच प्रकार्यत्मक सम्वन्ध हुनुपर्दछ । यदि यी पक्षहरुबीच एउटा पक्षमा मात्र गडबढी आउदा सिंगो समाजिक संरचनामा विचलन आउन सक्दछ । तर यस अवधारणामा केहि फरक मत राख्ने समाजका विविध एकाइहरुको संयोजनले समाज सञ्चालनमा निरन्तरता दिएपनि कुनै एक तत्वमा भएको खराबिले सिंगो समाजको संरचना र प्रकार्यमा बाधा पुग्दैन । त्यसका लागि वैकल्पिक उपाया अपनाई निरन्तरता दिन सकिन्छ भनेका छन् । यस अवधारणाको सैद्धान्तिक पक्षमा रहि व्याख्या विश्लेषण गर्ने समाजशास्त्री इमाइल दुर्खिम, रेडक्लिफ ब्राउन, मेलिनोष्कि र टालकोट पार्सन आदि पनि छन् (दुर्खिम, १९७६) ।

समाजभित्र विभिन्न पक्षहरु मध्ये जन्म, मृत्यु, विवाह सामाजिक प्रकृया हुन । समाजमा यी प्रथा नरहेको अवस्थामा समाज जंगली अवस्थामा रुपान्तरण हुन गई सामाजिक अस्तव्यस्तताको सिर्जना भएर समाज सभ्य अवस्थामा पुग्न असम्भव हुन्छ । यहि पृष्ठभूमीमा सामाजिक एकाइका रुपमा रहेका मूल्यमान्यता र अर्न्तसम्वन्धमा परिवर्तन आउदा लोग्ने स्वास्निबीचको वैवाहिक सम्वन्ध तोडिन्छ र अन्य पक्ष परिवार छिमेक र समाजका विभिन्न खाले प्रभाव देखा पर्दछ । जसको फलस्वरुप लोग्ने स्वास्नि बीचको सम्वन्ध टुट्नु तिनिहरुको बालबच्चाको पालनपोषण, शिक्षा आदिमा आई पर्ने समस्याहरु, नातासम्वन्धमा नकरात्मक असर परिवार र छिमेकमा सामाजिक आर्थिक समस्याहरु सिर्जना हुन सक्दछन्  तर त्यसलाई वैकल्पिक उपायाहरु अपनाई समाधान गर्न सकिन्छ (गुरुङ्ग, २०६५) ।

व्यक्ति वा समाजमा सांस्कृतिक, वर्गिय द्धन्द्ध, मूल्यमान्यता वा विचार अनुकुलको आवश्यकता, आर्थिक तथा राजनीतिक लाभ, जनसांख्यिक परिवर्तन, सामाजिक आन्दोलन र परिवर्तन आदि जस्ता कारणले सामाजिक परिवर्तन भएको हुन्छ यसलै समग्र समाजमा आएको परिवर्तन नै सामाजिक परिवर्तन हो । समाजशस्त्रीय दृष्टिकोण अनुसार वर्तमान समयमा सामाजिक परिवर्तनको रुपमा साना तथा एकात्मक परिवारको प्रचलन अर्न्तजातिय विवाहको प्रचलन मागि विवाह भन्दा प्रेम विवाहको चलन बढी पाइन्छ । बढी बन्द प्रकृतिको परम्परागत समाजबाट अहिलेको समाज खुला बन्दैछ (श्रीनिवास, २००५) ।

समाजमा सबै वर्ग जाति सम्प्रदायको राजनीतिक र प्रशासनिक क्षेत्रमा संलग्नता वा समावेशिता रहनुपर्ने मान्यताले महत्व पाएको छ । शिक्षाको महत्व, मौलिक हक अधिकार जस्ता पक्षहरुमा मानिसका चेतनाका साथै जागरुकता बढेर गएको छ । विभिन्न खाले सामाजिक संगठनहरुको निर्माण भएको छ । सरकारी तथा ग्रह्रसरकारी संस्थाहरु देशका कुनाकाप्चामा समेत स्थापना भएका छन् । समाजकल्याण परिषदका अनुसार आ.ब. २०६८-६९ सम्ममा ३५३४८ वटा देशका विभिन्न क्षेत्रमा रहेका गैह्रसरकारी संस्थाहरु परिषदमा आवद्ध भएका छन् । साथै जातिगत, पेशागत तथा धार्मिक संघ संगठन लगाएत यी सबै गैह्र सरकारी संस्थाहरुको प्रमुख उद्देश्य समाज सञ्चालनका लागि विभिन्न क्रियाकलाप सञ्चालन गर्नु रहेको छ । त्यस्तै विगतको तुलनामा अहिले महिलाहरुको उत्पादनमुलक कार्यहरुमा संलग्नता बढ्दै

गएको छ । यसबाट समाजमा महिलाको स्थान दायित्व तथा भूमिकामा वृद्धि भएको प्रष्ट हुन्छ । समाज र समाजमा रहेका हरेक सदस्य परनिर्भतामा भन्दा पनि आत्मानिर्भता तिर उन्मुख छन् । विकासका पूर्वाधारका साथै व्यवसायिक र सेवामुलक संस्थाहरुको विकास पनि त्यतिकै हुदैछ । संस्थागत नागरिक उत्तरदायित्वले महत्व पाउदै गएको छ । हिजोका गाउहरु आज सहरमा परिणत भइरहेका छन् । शहरहरुमा जनघनत्व बढ्दोछ (डाँगी, २०७२) ।

आधुनिकता र विकासले ल्याएको परिवर्तन सँगसँगै मानिसको लवाइखवाई भेषभुषा, रहनसहन आदिमा व्यापाक परिवर्तन आएको छ । तुलनात्मक रुपमा ग्रमिण समाज भन्दा सहरी समाजमा समाजिक परिर्तनको गति तिव्र छ । हुनेखाने र हुँदाखाने वर्ग बीचको अन्तरले दुई वर्ग बीच नजानिदो किसिमले द्वन्द्ध सिर्जना भएको  छ । जसले सामाजिक परिवर्तनलाई गति प्रदान गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । वास्तवमा कार्ल मार्क्सका अनुसार वर्ग संघर्षबाटै समाज परिवर्तन हुन्छ, समाज परिवर्तन सँगै भेदभव विरोधि जमात र मतहरु पनि बढेर गएका छन् । समाजमा रहेका विभिन्न खाले विभेदहरु माथिल्लो जात, तल्लो जात, महिला, पुरुष क्रमश कम हुदै गएको अवस्था छ । त्यस्तै गरेर विभिन्न जातजाती तथा जनजातिहरुको संस्कृति र परम्पराका साथै उनिहरु बीचको आपसी सम्वन्धमा पनि आधुनिकता र विकासको पत्यक्ष प्रभाव परेको पाइन्छ (आहुती, २०६७) ।

संस्कृतिलाई समाजमा रहेका मानिसको वा जातजाति तथा जनजातीको आचरण व्यावहार र दैनिकिले निर्देशित गर्ने भएकोले आचरण, व्यवहार र दैनिकिमा परिवर्तन आउन साथ उसको सांस्कृतिक पक्षमा पनि परिवर्तन आउछ । मानिसको आचरण व्यवहार र दैनिकिलाई आन्तरिक तथा वाह्य दुवै किसिमका परिवर्तनहरुले प्रभावित पारेको हुन्छ । यसैक्रमले सामाजिक तथा सांस्कृतिक अभ्यासहरु नयाँ पुस्तामा हस्तानान्तरण हँदै आएको र संस्कृति प्राकृतिक नभई पूर्णतया सिकाइबाट विकास हुने भएकाले यो क्रमिक रुपले परिवर्तन हुदै आएको छ भने कतिपय लोप भए र कतिपय लोपउन्मुख अवस्थामा छन् । यो वास्तविकतालाई मध्यनजर राख्दै भषा तथा संस्कृतिको जगेर्ना गर्न नेपालमा प्रजातन्त्रको पुनस्थापना पछि आदिवासी जनजाती लगाएत अल्पसंख्यक समुदायहरुमा आफ्नो भाषा तथा मातृभाष र संस्कृति प्रतिको जागरणमा निरन्तर वृद्धि भएको छ । तीनको जातिय संस्थाले

आफ्नो भाषा तथा सांस्कृतिक पहिचानको संरक्षण र संवर्द्धनमा जागरण ल्याउन सक्रिय भूमिका खेलेका छन् (यादव, २०७१) ।

## २.२ प्रायोगिक साहित्यको पुनरावलोकन

विस्ट (१९७६), मगर समुदायको आर्थिक अवस्था वारेमा हेर्दा यो समुदाय कृषिमा निर्भर रहेको पाइन्छ । आफ्नो जीवन सञ्चालनका लागि कृषि पेशालाई नै प्रमुखता दिएको पाइन्छ भने खेति गर्ने क्रममा मकै, कोदो, गहुँ, फापर, आलु लगाउँदछन् साथै नगदेवालि अन्तरगत तोरी र केही फलफूल खेती पनि गरेका छन् । उत्तरी क्षेत्रमा बसेका यस जातिका मानिसहरूले सुन्तला लगाएका छन् । मुख्यतया सिंचाईको व्यवस्था नभएको कारण मकै, कोदो, गहुँ, फापर नै यिनीहरूले गर्ने अन्न वालि हो ।

खरेल (२०१५), "लिम्वु जातिमा धान नाँचको सामाजिक तथा सांस्कृतिक महत्व र यसमा आइरहेको परिवर्तन" शिर्षकमा शोधपत्र तयार पारिएको छ वर्तमान सन्दर्भमा यसमा आइरहेको परिवर्तन सम्वन्धी अध्ययन गर्नु र परिवर्तन ल्याउने तत्व वा कानूनहरु पहिल्याउने यसको मूख्य उद्देश्य रहेको थियो । तप्लेजुङ्ग जिल्ला सान्थाक्रा गा.वि.स. को लिम्वु जातिहरुको सांस्कृतिक अवस्था, लिम्बु जातिको सांस्कृतिक पहिचानमा धान नाँचको भूमिका र वर्तमान अवस्था र त्यसमा आएको परिवर्तन बारे अध्ययन गरिएको थियो । यो अध्ययनमा अन्वेषणात्मका तथा वर्णनात्मक अनुसन्धान ढाँचा दुवै प्रयोग गरिएको थियो । उनले आफ्नो शोधपत्रमा उनिहरुको सामाजिक तथा सांस्कृतिक अवस्थामा परिवर्तन आउदै गरेको छ भनि उल्लेख गरेका छन् । नेपालमा बसोबास गर्ने अन्य जातजाति तथा जनजाती अरुको तुलनामा लिम्बुहरुको आफ्नै विशिष्ट मौलिक सामाजिक रितिरिवाज, भेषभुषा भषा तथा लिपि, खानपान, सांस्कृतिक संस्कार, चाडपर्व, नाचगान र परम्परा छ । त्यस्तै लिम्बुहरु प्राकृतिक पुजक हुन र अदृष्य शक्तिमा विश्वास गर्दछन् । उनिहरुले युमासाम्माङ्लाई देवीको रुपमा थेवासाम्माङ्लाई देउताका रुपमा प्रत्येक लिम्बु परिवारले पुजाआराधाना गर्ने गर्दछन् । यसरी रितिरिवाज भेषभुषा, भाषा तथा लिपि, खानपान, सांस्कृतिक संस्कार चाडपर्व नाचगान आदिमा परिवर्तन भएको पाइयो भनि उल्लेख गरेका छन् ।

अर्याल (२०६८), ले "कीर्तिपुर नगरपालिका वडा नं. ७ का तरकारी खेतीमा संलग्न कृषकको सामाजिक, साँस्कृतिक एवं आर्थिक अवस्था" शिर्षकको अध्ययनमा व्यवसायिक तरकारी खेतीमा संलग्न कृषकको सामाजिक, सांस्कृतिक, आर्थिक पक्षको अध्ययन गर्नु र तरकारी खेती व्यवसायले उनीहरुको जीवनशैलीमा आएको परिवर्तनको अध्ययन गर्नु लाई उद्देश्यको रुपमा लिएको पाइन्छ । वर्णनात्मक र अन्वेषणात्मक दुवैखाले ढाँचामा आधारित यस अध्ययनमा नमुनाको रुपमा ३० घर संख्यालाई लिइएको छ । अध्ययनको अनुसार सडक यातायात, बिजुली लगायतका सुविधाबाट सम्पन्न यो क्षेत्रमा खासै समस्या भने नभएको तर जग्गा खण्डिकरण भई ट्याक्टर प्रयोग गर्न नसकिने हुदै गएको कारण र बढ्दै गईरहेको बेरोजगार समस्यालाई केही हदसम्म भएपनि हल गर्न यो क्षेत्र  नमुनाको रुपमा देखिएको छ । दु:ख गरेर उत्पादित तरकारी लगेर बेच्न उनीहरुलाई बजारको समस्या नभएको बताउँछन् । प्रायजसो हप्तामा ५ दिन राम्रैसँग तरकारी बजारमा बेच्न लैजाने गर्दछन् । तर उन्नत जातका विउ विजनको लागि नजिकका कृषि सेवा केन्द्रबाट कुनै सहयोग पाउन नसक्नु, सारायनिक मल, दक्ष प्राविधिक र आवश्यक पूँजीको पनि अभाव रहेको छ । सरकारले यातायात सुविधा, बजार, प्राविधिक, रसायनिक मल, उन्नत विउ, सिँचाइ कुलोको व्यवस्था गरेको अवस्थामा यस क्षेत्रको समग्र विकास हुने देखिन्छ ।

वैद्यै (२०६५), ले "मगर जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थ" शिर्षकमा प्युठान जिल्ला माझकोट गा.वि.स. मा गरेको अध्ययनमा मुख्य उद्देश्यको रुपमा अध्ययन क्षेत्रका मगरहरुको सामाजिक, सांस्कृतिक, आर्थिक पक्ष भित्र रहेका विभिन्न कुराहरुको अध्ययन गर्ने रहेको छ । यस अध्ययनमा ६३ घरका घरमुलीलाई उत्तरदाताको रूपमा लिइएको छ । यस क्षेत्रमा मगरहरूको एकात्मक परिवार वढि रहेका छन । यस अध्ययन क्षेत्रका मगरहरूमा साक्षरता दर कम रहेको छ । जसको कारण उनिहरूको चेतनाको स्तर निम्न रहेको छ । यिनीहरूको घर वरिपरिको वातावरण, प्रयोग गर्ने कपडा र घरको सरसफाइमा प्रयाप्त मात्रामा गरेको पाईदैन भने शौचालयको प्रयोग गर्ने परिवार संख्या न्यून छ । यहाँका मगरहरूले मखमलको कपडावाट वनेको घल्याक लगाउने गर्दछन । युवा पुस्ताका मानिसहरूले आधुनिकता सँग समायोजन हुदै गएका छन । परिवार पितृसत्तात्मक रहेको यस जातीमा अरू जातिको तुलनामा महिलाहरूलाई वढि स्वतन्त्रता दिइएको छ । समुदायमा हुने विभिन्न किसिमका

सहभागितामा महिला, पुरूष दुवैको सहभागीता रहेको पाइन्छ । आफ्नो मौलिक चाडपर्व वाहेक नेपाल अधिराज्यभर अरू जातिहरूले मान्ने चाडपर्व पनि त्यति नै श्रद्धाका साथ मनाउने गर्दछन । मगरहरूको जनसंख्या वरावर अन्य जातिका जनसंख्या भए पनि एक आपसमा भाइचाराका साथ समुदायमा मिलेर वसेका छन ।

यहाँका मगरहरूको मुख्य पेशा कृषी हो । यसका साथै पशुपालन नोकारी ज्याला मजदुरी समेत गर्दछन । कृषि परम्परागत रूपमै संचालित छ । जसवाट जग्गा अनुसार उत्पादन भएको छैन । यहाँका मगरहररूको जमिन वितरण अवस्था राम्रो छैन । खेति योग्य जमिन सवै परिवारमा समान किसिमको छैन । सिंचाइ, मल, विउको समेत अभाव भएकाले उनीहरूको जीविकोपार्जनको प्रमुख स्रोत कृषिको समेत अवस्था राम्रो छैन ।आय र व्ययको स्थितिलाइ हेर्दा यहाँका मगरहरूको वचतको स्थिति राम्रो छैन । मगरहरू आधुनिकीकरण तर्फ हिडने प्रयास गरे पनि आफ्नो संस्कृतिलाई भने वचाइ राख्न व्यवहारीक रूपमा दृढ देखिन्छन । यस अध्ययन अनुसार समग्र यस जाती सामाजिक, सास्कृतिक, आर्थिक अवस्थाका विभिन्न पक्षमा पछाडी परेका देखिन्छ ।

थापा (२०६८), ले "माझी जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था" अन्तर्गत सिन्धुली जिल्ला टाँडी गा.वि.स. वडा नं. ५ मा गरेको अध्ययनमा माझी जातिको सामाजिक अवस्थाको बारेमा प्रकाश पार्नु र माझी जातिको आर्थिक अवस्थको बारेमा प्रकाश पार्नुलाई मुख्य उद्देश्यको रुपमा लिइएको थियो । वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित यस अध्ययनमा अध्ययनको लागि ४२ घरधुरीलाई छनौट गरिएको थियो र तथ्याङ्कको स्रोतको रुपमा प्राथमिक र द्धितिय दुवै स्रोतलाई लिइएको छ । यस अध्ययनका अनुसार अध्ययन क्षेत्र काठमाडौंबाट मध्यम दुरीको जिल्ला भएता पनि शिक्षाको राम्रो व्यवस्था भएको छैन । यहाका बालवबलिकाहरु शिक्षाको घामबाट टढिन पुगेका छन् । स्कुल जाने उमेरका बालवालिकाहरु पनि श्रममुलक पेशामा संलग्न भएका छन् । टाँडीमा यस जातिको उत्थान र विकास गर्ने खालका कुनै संघ संस्थाहरु स्थापना भएका छैनन् । पूर्वाधारका रुपमा रहेका शिक्षा, स्वास्थ्य, सडक, सञ्चार, विद्युत आदिको उपभोग अत्यन्त दयनीय रहेकोले पनि यस जातिले आफ्नो विकास, संवृद्धि र परिवर्तन गर्न सकेका छैनन् । यस जातिमा पनि आर्थिक पिडाको छटपटी


भईरहेको कुरा पाइन्छ । अधिकांश परिवार कृषि र अन्य ज्यालादारी पेशा गरेर जीवन गुजारेकाले पनि आर्थिक विपन्नता विद्यमान रहेको, मेहनति भएर पनि परम्परागत विधि र अवस्थाबाट माथि उठ्न सकेको पाइदैन ।

ढकाल (२०७०), ले "गुरुङ जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तन" शिर्षकमा शोधपत्र तयार पारेको छ । वर्तमान सन्दर्भमा यसमा आइरहेको परिवर्तन सम्वन्धी अध्ययन गर्नु र परिवर्तन ल्याउने तत्व वा कारणहरु पहिल्याउनु यसको मुख्य उद्देश्य रहेको थियो । गोरखा जिल्लाको थालाजुङ् गा.वि.स. लाई मात्र अध्ययन क्षेत्रको रुपमा छनौट गरि गुरुङ जातिको पहिचान बारे अध्ययन गरिएको थियो । यस अध्ययनको ढाँचा वर्णनात्मक रहेको छ । यस अध्ययनको लागि तथ्याङ्क गुणात्मक र मात्रात्मक दुवै प्रकारले प्रयोग गरेका थिए । तथ्याङ्क लिने क्रममा प्राथमिक र द्धितिय स्रोतबाट लिएको छ । यसमा जम्मा ६० जना उत्तरदातालाई नमुना छनौटको रुपमा लिएको छ । उनले यस शोधमा प्राचिन बस्तिहरुबाट विस्तापित भइसकेपनि यनिहरुको संस्कृति र भाषा विस्तापित भएको देखिदैन भन्ने उल्लेख गरेका छन् । यिनिहरुको आर्थिक अवस्था प्राय मजबुद हुने हुँदा यिनिहरु आफ्नो भाषा र संस्कृति बचाउन केहि हद सम्म सफल भएका छन् । नयाँवस्तीहरुमा पनि गुरुङहरुले परम्परागत संस्कार ट्होटें पर्व मनाउछन् । जन्ममृत्यु संस्कार प्राय उनिहरुको गुरुङ पुरोहित जस्तै लामा, घ्याब्री र पज्यूहरुबाट गराउछन् । त्यसैगरी गुरुङहरुले आफ्नो भाषाको लागि भाषा प्रशिक्षण पाठशाालाहरु पनि खोलेका देखिन्छन् । गुरुङहरु मान्यजनले अथवा पढेलेखेका अगुवाहरुले भनेका सुझाव अंगिकार गर्दछन् । विवाह सम्वन्धमा बर र बधुको छनोट अनुसार हुने र अविभावकको इच्छा अनुसार नहुने भएको ले ४ र १६ को बीचमा ठूलो र सानो जात भन्ने भेदभाव हुदैन । प्रजातन्त्रपूर्व र प्रजातन्त्र पश्चात गुरुङहरु आफ्नो समाज र देशको विकासमा टेवा पुऱ्याउन नेतृत्वको महत्वपूर्ण पदहरुमा रही काम गरेको देखिन्छ । गुरुङहरु आफुलाई बौद्ध धर्मावलम्वि भन्न रुचाएता पनि उनिहरुको खास संस्कार स्थानिय प्रकारको पाईन्छ । गुरुङहरु अरु धर्महरु प्रति शहिस्णुता राख्दछन् र नेपाल राष्ट्रलाई कुनै जातिगत पेवा नठानी एउटा बहुजातिय र बहुभाषिक राष्ट्र मान्दछन् । आफ्नो भाषा र संस्कृतिको संबर्द्धन र संरक्षणको लागि विभिन्न प्रकारका प्रयासहरु गरिरहेका छन् । जस्तैः चलचित्र निर्माण, वृतचित्र

निर्माण, पत्रपत्रिका प्रकाशन र जातिगत खेलकुद तथा चाडपर्वहरुको पुनर्स्थापना आदि रोधी संस्कृतिको निरन्तरता, घाटु सोरठी, ठेट्टर नाच, झ्याउरे नाँचको प्रचलन आदि ।

## २.३ अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचाले अध्ययन कार्यलाई सहजता बनाउन र सजिलै सँग अध्ययनको उद्देश्यमा केन्द्रित रहि निष्कर्षमा पुग्न ठूलो सहयोग गर्दछ । त्यसैगरी अध्ययनमा तयार गरीने अवधारणात्मक ढाँचाले अध्ययन विशेष गरी केमा केन्द्रित छ र कसरी गरिएको छ भन्ने कुरालाई स्पष्ट पार्ने गर्दछ । त्यसैले यस अध्ययन निम्नलिखितको अवधारणात्मक ढाँचाको आधारमा आधारित भएर सञ्चालन गरिनेछ ।



# परिच्छेद- तीन

# अनुसन्धान विधि

कुनै पनि अनुसन्धानको लागि अनुसन्धान पद्धति महत्वपुर्ण हुन्छ । अनुसन्धनका विषयमा एउटै विधिले सम्पुर्ण सूचनाको श्रोत प्राप्त गर्न सकिदैन । तसर्थ यहाँ विभिन्न विधिवाट तत्य संकलन गर्ने प्रयास गरिएको छ । यस अनुसन्धान पद्धति भित्र अनुसन्धान क्षेत्र छनौट, अनुसन्धान ढाँचा, तथ्याङ्कको समग्रता, नमुना छनौट, तथ्याङ्कका श्रोतहरू तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण र अध्ययनको सीमा जस्ता पक्षहरू देखाईएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययन अर्थात राई जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको बारेमा अध्ययन गर्न वर्णनात्मक ढाँचा (Descriptive Research Design) तथा विश्लेषणात्मक ढाँचा (Analytical Research Design) प्रयोग गरिएको छ ।

## ३.२ अध्यन क्षेत्रको औचित्य र छनौट

यस अध्ययनमा सुनसरी जिल्लामा अवस्थित राई जातिका मानिसहरु बसोबास गर्ने धरान उपमहानगरपालिका वडा नं. २० स्थित विष्णुपादुका लाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । राई जातिको बसोबास विभिन्न स्थानमा रहेको छ । विशेष गरी पूवाञ्चलको खोटाङ, भोजपुर धनकुटा सुरसरी लगायतका जिल्लाहरुमा र मध्यमा अञ्चलको विभिन्न भू-भागहरुमा पनि राई जातिको बसोबास रहेको छ । यसरी राई जातिले बसोबास गर्ने विभिन्न क्षेत्रहरु मध्ये धरान उपमाहानगरपालिकाको विष्णुपादुका पनि एउटा ठाउँ भएकोले उत्त स्थानलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको थियो ।

यस अनुसन्धानमा अध्ययन क्षेत्र छनौटको औचित्यलाई निम्नाअनुसार प्रस्तुत गरिएको छ ।

- यस क्षेत्रमा राई जातिको बाहुल्यता रहेकोले अध्ययनमा सरलता हुन सक्ने ।
- अध्ययन क्षेत्रका राईहरुले परम्परागत मौलिक सस्कृतिलाई नै अंगालिरहेका हुनाले उनिहरुको मौलिक पन सजिलै बुझ्न सकिने ।

- अध्ययन कर्ता उक्त स्थानमा लामो समय देखि बसोबास गरि आएको र राई जातिको सस्कार सस्कृति प्रति रुचि राख्ने भएकाले अध्ययनमा सरलता हुन सक्ने ।

शोधकर्ता यस अध्ययन क्षेत्रमा विगत लामो समयदेखि बसोबास गरि आएको हुनाले अध्ययन क्षेत्रका वस्तुस्थिति, त्याहाको रहनसहन, चालचलन, संस्कार संस्कृती आदिको बारेमा परिचित भएको कारण साथै यस उपमहानगरपालिकामा राई जातिको बारेमा अहिले सम्म त्यति अध्ययन नभएकोले यस क्षेत्र छनौट गरिएको थियो । यस उपमहानगरपालिकामा तामाङ्ग, मगर, लिम्बु, व्राहमण, क्षेत्री लगाएतका अन्य जातिहरु भएता पनि प्रमुख जातिका रूपमा राई रहेका र उनिहरूको जिवन शैलि, रहनसहन तथा परम्परा अन्य जातिको भन्दा फरक रहेको र चाडपर्वहरूमा वढि खर्च गर्ने प्रवृति रहेकोले यसले उनिहरूको आर्थिक सामाजिक पक्षमा पारेको प्रभाव तथा यसका प्रभावहरूलाई न्यूनिकरणका लागि सहयोग गर्ने उद्देश्यका साथै यस स्थानमा हाल सम्म राई जातीको वारेमा कहि कतैवाट अध्ययन अनुसन्धान भएको नपाइएकोले अध्ययनको लागि सुनसरी जिल्ला धरान उपमहानगरपालिका वडा नं. २० स्थित विष्णुपादुकालाई छनौट गएको थियो ।

## ३.३ तथ्याङ्कका स्रोत

यस अध्ययनमा तथ्याङ्कको स्रोतको रुपमा प्राथमिक र द्धितिय दुवै किसिमको स्रोतलाई लिइएको थियो । प्राथमिक स्रोतको रुपमा अन्तर्वाता सूची तथा अवलोकानलाई लिइएको थियो भने द्धितिय स्रोतको रुपमा पत्रपत्रिका, पुस्तक, आवश्यक र उपयोगी लेखरचना लिइएको थियो । आन्तर्वाता सूचीमा खुल्ला र वन्द दुवै प्रकारको प्रश्नहरु समावेश गरिएको थियो । साथै उपमहानगरपालिका, वडा कार्यलय र अन्य सम्वन्धित संघसंस्थाबाट पनि आवश्यक तथ्याङ्कहरु संकलन गरिएको थियो । त्यसरी नै अध्ययन विषय संग संवन्धीत विभिन्न विद्धान तथा लेखकहरूले प्रकाशन गरेका लेख रचना, समिक्षा, प्रकाशन, पत्रपत्रिका आदिबाट समेत तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.४ अध्ययनको समग्रता र नमुना छनौट

यस अध्ययन क्षेत्रमा वसोवास गर्ने कुल ३३९१ जनसंख्या मध्ये २१३४ राईहरूको जनसंख्या रहेको थियो । कुल ७९४ घर मध्ये १८७ घरमा राईहरूको वसोवास रहेको थियो । जस मध्ये ६५ घरधुरीलाई नमुनाको रुपमा छनौट गरिएको थियो । नमुना छनौट गर्दा सामान्य सम्भव्यता नमुना छनौट् विधि (Simple Random Sampling Method) प्रयोग गरिएको थियो । राई जातीको रहनसहन, जीवनशैलि, जीविकोपार्जन जस्ता आधारभुत कुराहरूमा समानता भएको हुनाले ६५ घरपरिवारलाई सम्पुर्णता मानी अध्ययन गरिएको थियो । यसरी नमुना सर्वेक्षणका आधारमा लिएको प्रत्येक घरपरिवारवाट १ जना घरमुलीलाई आफुले तयार पारेको अन्तर्वार्ता सुचीको आधारमा आवश्यक पर्ने तथ्याङ्क संकलन गरिएको थियो । तथ्याङ्क संकलन गर्दा आवश्यकता अनुसार असंरचित प्रश्नहरू पनि सोधि तथ्याङ्कक संकलन गरिएको थियो । यसका साथै अन्य आवश्यक तथ्यहरू जस्तै राई जातिको परम्परा, धर्म, संस्कृतिका वारेमा जान्ने वुढापाका व्यक्तिहरू, विज्ञहरू, शिक्षक, स्थानीय राजनैतिककर्मीहरू तथा समाजसेवीहरूलाई मूख्य सूचनादाताको रूपमा लिइएको थियो ।

### ३.५ तथ्याङ्क संकलनका विधि

यस अध्ययनलाई पुर्णता दिनको लागि विभिन्न विधि अपनाएर तथ्याङ्क संकलन गरिएको थियो । सर्वप्रथमत केन्द्रिय क्याम्पस त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको मानविकीशास्त्र संकाय अन्तर्गतको समाजशास्त्र विभागबाट लिइएको आधिकारीक पत्रको साथमा अध्ययन क्षेत्रको सम्वन्धित निकायहरुमा पुगी अध्ययनको लागि अनुमति लिइएको थियो र अनुमति प्राप्ति पश्चात तथ्याङ्क संकलनको लागि तयार पारिएको अन्तरवार्ता सूची, अवलोकन, सामुहिक छलफल, सूचनादाता संगको भेटघाटवाट आदि तरिकाद्वारा तथ्याङ्क संकलन गरिएको थियो ।

**३.५.१ घरधुरी सर्वेक्षण** : राईहरूको सामाजीक, सास्कृतिक, एवं आर्थिक स्थितिको वारेमा जानकारी लिने क्रममा जम्मा ६५ घरपरिवारका मुलीहरूलाई अर्न्तवार्ता लिइएको थियो । उनीहरूको घरको पारिवारिक स्थितिको वारेमा अन्तर्वार्ता तथा अवलोकनद्वारा सर्वेक्षण गरिएको थियो ।

**३.५.२ अर्न्तवार्ता सुची** : यस विधिवाट संरचित अन्तर्वार्ता सूचीको प्रयोग गरि अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क संकलन गरिएको थियो । यसका माध्यमवाट राईहरूको पेशा, परिवारको प्रकार, जमिनको अवस्था, विवाह, प्रमुख चाडपर्वहरू आदी वारेमा तथ्याङ्क संकलन गरिएको थियो । साथै यस अध्ययनमा राई जातीको सामाजिक सास्कृतिक तथा आर्थिक अवस्थाको वारेमा विशेष जानकारी भएका र जानकारी राख्ने गाउँ घरका वुढापाका विद्यालयका शिक्षकशिक्षीका, कर्मचारीहरू स्थानीय राजनैतिककर्मी गाउँका अगुवा, समाजसेवी तथा उपमहानगरपालिकामा कार्यरत विभिन्न गैरसरकारी संस्था प्रतिनिधि र सामाजिक कार्यकर्तासंग समय लिएर राई जातीको इतिहास, पेशा, व्यवसाय, वसाईसराइ अन्य जाती संगको संवन्ध, घरपरिवार तथा समाजमा महिलाको स्थिति भुमिका, स्वास्थ्य सेवा लगायतका सामाजिक क्रियाकलापहरूका वारेमा प्रश्नहरू गरि र व्यक्तिगत भेटघाटका माध्यमवाट तथ्याङ्क संकलन गरिएको थियो ।

**३.५.३ अवलोकन विधि** : संरचित प्रश्नावलीका माध्यमवाट आउन नसक्ने तथ्यहरूलाई संकलन गर्नको लागि अध्ययन क्षेत्रमा सामान्य अवलोकन विधि अपनाईएको थियो । यसका माध्यमवाट समुदायको खानपान, रहनसहन, घरको वनावट, घरवरपरको वातावरण, वसोवास, खेती प्रणाली, अथिति सत्कार, कुनै धार्मीक एवं सामाजिक कार्य सम्पन्न गर्ने परिपाटिको वारेमा तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.६ तथ्यांकको प्रस्तुति एवं विश्लेषण

अध्ययन क्षेत्रको सर्वेक्षणको माध्यमद्वारा प्राथमिक तथा द्वितिय श्रोतवाट संकलन गरिएका तथ्यांकहरूलाई तथ्यांकको प्रकृति अनुसार, उद्देश्य अनुसार र आवश्यकता अनुसार विभिन्न भागमा वर्गिकरण गरिएको छ । यस अध्ययनलाई व्यवस्थित र वैज्ञानिक बनाउनको लागि संकलित तथ्याङ्कलाई तथ्याङ्कशास्त्रिय विधिको प्रयोग गर्दै आवश्यकता अनुसार विभिन्न तालिका, प्रतिशत अदिमा रुपान्तरण गरेर प्रस्तुत गरिएको छ । गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकता अनुसार व्याख्या विश्लेषण गरि तथ्य परक बनाउने प्रयास गरिएको छ । प्राप्त तथ्यांकहरूलाई संख्या तथा प्रतिशतको आधारमा व्याख्या एवं विश्लेषण गरिएको छ ।

### ३.७ अध्ययनको सिमा

विभिन्न किसिमका अर्थिक तथा प्राविधिक कारणले गर्दा कुनैपनि अध्ययनले समग्र पक्षलाई समेट्न सक्दैन । त्यसैले जुनसुकै अध्ययनलाई पनि सिमितता प्रदान गरिएको हुन्छ । यस अध्ययन राई जातिको सामाजिक, सांस्कृति तथा आर्थिक अवस्थाको बारेमा अध्ययन गरिएको छ । यस अध्ययनमा निम्नलिखित सिमितताहरु प्रदान गरिएको थियो ।

- यस अध्ययन सुनसरी जिल्ला धरान उपमहानगरपालिका वडा नं. २० मा सिमित गरिएको थियो ।
- यस अध्ययन राई जातिमा मात्र सिमित रहको थियो ।
- यो अध्ययन सानो क्षेत्रमा गरिने भएकोले यसबाट प्राप्त हुने निष्कर्षले अन्य स्थानमा बसोबास गर्ने राई जातिहरुलाई प्रतिनिधित्व गर्न सक्ने छैन् ।
- यो अध्ययन पुर्णरूमा स्थलगत अध्ययन, अवलोकन तथा अन्तर्वार्ता आदिबाट प्राप्त तथ्यहरुमा आधारित रहेर गरिएको छ ।

## परिचच्छेद - चार

## अध्ययन क्षेत्रको परिचय

### ४.१ धरान उपमहानगरपालिकाको इतिहास र परिचय

प्रदेश नं. १ मा अवस्थित धरान नेपालकै एक सुन्दर तथा विविध सांस्कृतिक विविधता भएको सहर हो । यो प्रदेश नं. १ को सुनसरी जिल्लामा पर्दछ । महाभारत कालिन इतिहास बोकेको र पछिल्लो समयमा किरात राजधानीको रुपमा समेत रहेको विजयपुर धरान नगरको शिरको रुपमा रहेको छ । विजयपुरको ईतिहास खोलल्दा सतिदेवीको दन्त पतन भएको किंवदन्ती र दन्तकाली मन्दिरको अवस्थिति एवं ५०० वर्ष पहिले बंगालका राजाले जिर्णोद्धार गरेको पिण्डेश्वर मन्दिरको अभिलेखहरुबाट यो स्थान पुरातात्विक, पौराणिक एवं ऐतिहासिक तथा पर्यटकिय महत्व बोकेको छ । हालको आधुनिक धरान सहर रहेको स्थानमा सुरुमा घना जङ्गल रहेको र सो जङ्गल फँडानीको क्रममा काठ चिर्ने आरावालाहरुले तयार गर्ने गरेको धरान बाट नै आजको धरान सहरको नामाकरण भएको भन्ने भनाई छ ।

वि.सं. २०७१ मंसिर १६ गते नेपाल सरकार मन्त्रीपरिषदको निर्णय अनुसार साविकको विष्णुपादुका गा.वि.स. लाई पनि धरान नगरपालिकामा गाभेर २७ वटा वडा कायम गरी धरान नगरपालिकालाई उपमहानगरपालिका घोषित गरिएको थियो । संघिय पुनसंरचना आयोगको निर्णय अनुसार वर्तमान धरान फेरी अहिले २० वटा वडामा पुनसंरचित भएको छ ।

विविध जाति तथा जनाजातिहरुको बसोबास स्थल, कला, साहित्य, संस्कृति तथा खेलकुदको क्षेत्रमा ख्यातिप्राप्त धरान उपमहानगरपालिका हाल आएर शिक्षा, स्वास्थ्य, पर्यटकीय तथा व्यापारिक पूर्वाधारयुक्त सुन्दर सहरको रुपमा विकास हँदै १ नं. प्रदेशको मात्र नभई नेपालकै नमुना स्थानिय तह बन्न प्रयासरत छ ।

भौगोलिक विविधताले भरिपूर्ण धरान उपमहानगरपालिका तराई देखि पहाडसम्म फैलिएको छ । सुनसरी जिल्लाकै अर्को इटहरी उपमहानगरपालिकाको पानीपिया देखि धनकुटा जिल्लाको साँगुरीगढी गाउँपालिकाको भेडेटार बजारसम्म फैलिएको धरान उपमहानगरपालिकाको कुल क्षेत्रफल १९२.७१ वर्ग किलोमिटर रहेको छ । तीन तिर पहाडी धरातलले घेरेको एकातिर आफ्नै चारकोशे जंगल रहेको र पूर्वमा बुढिखोला देखि पश्चिममा

पटनाली खोलासम्म फैलिएको धरानको हावापानी समशीतोष्ण प्रकारको रहेको छ । थोरै दुरीमा पनि उचाइको धेरै विविधता रहेको यस उपमहानगरपालिकामा ४ कि.मि. को दुरीमा ३०५ मिटर देखि ७०० मिटर सम्मको उचाई रहेको छ । कतिपय जमिन समथर रहेको र कतिपय भाग अत्यन्तै भिरालो प्रकारको रहेको यो नगरपालिका पूर्वि क्षेत्रको तराई र पहाडको एउटा संगमस्थल हो । तराईको गमीदेखि उच्च पहाडी लेकको चिसो मौसमसमेत पाइने यस ठाउँलाई नेपालकै दोस्रो धेरै पानी पर्ने स्थानको रुपमा पनि लिने गरिन्छ । यो उपमहानगरपालिका पूर्व भारतिय सैनिक तथा पूर्व ब्रिटिस सैनिकहरुको बाक्लो बसोबास रहेको स्थान हो । (www.dharan.gov.npl? page_id = 235. retrieved on 7 February, 2019)

धरान उपमहानगरपालिकाको भौगोलिक अवस्थालाई हेर्दा २६ डिग्री ४१ मिनेट उत्तरी अक्षांश देखि २६ डिग्री ४२ मिनेट उत्तरी अक्षांश र ८७ डिग्री १२ मिनेट पूर्वी देशान्तर देखि ८७ डिग्री २१ मिनेट पूर्वी देशान्तरमा फैलिएको यसको क्षेत्रफल १९२.६१ वर्ग किलोमिटर रहेको छ र सामुन्द्रिक सतहबाट ११९ मिटर देखि १७७८ मिटर सम्मको उचाइमा अवस्थित छ । औषतमा यहाँको तापक्रम न्यूनतम ५ डिग्री सेन्टिग्रड देखि अधिक्तम ३७ डिग्री सेन्छिग्रड सम्म हुने गर्दछ भने प्रतिवर्ष २६२६ मिलिमिटर वर्षा हुने गर्दछ । यो उपमहानगरपालिका पूर्वमा केराबारी गाउँपालिका, पश्चिममा बराह नगरपालिका, उत्तरमा धनकुटाको साँगुरीगढी गाउँपालिका र दक्षिणमा रामधुनी नगरपालिका र इटहरी उपमहानगरपालिका सम्म फैलिएको छ । वि.सं. २०६८ को जनगणना अनुसार जम्मा जनसंख्या १३७७०५ रहेकोमा पुरुषको संख्या ६४६७१ र महिलाको संख्या ७३०३४ रहेको छ । जहाँ जम्मा ३२६९३ परिवार संख्या र जनघनत्व प्रतिवगै कि.मि. ७१५ रहेको छ । यस उपमहानगरपालिकाको जम्मा सडक सञ्जाल मध्ये १०६ कि.मि. कालोपत्रे, ३५ कि.मि. ग्राभेल र १३० कि.मि. कच्चि सडक रहेको छ । संस्कृति र सम्पदाको धनि नै मानिएको यहाँ ५० वटा मन्दिर, ९ वटा गुम्बा, २१ वटा चर्च र १ वटा मस्जिद रहेको छ । शैक्षिक संस्थाहरुमा निजी र सरकारी गरी जम्मा ५१ वटा प्राथमिक विद्यालय, १० वटा निम्नमाध्यमिक विद्यालय, ३० वटा माध्यमिक विद्यालय, ८ वटा उच्च माध्यमिक विद्यालय, ४ वटा क्याम्पस र १ वटा वि.पि. कोइराला स्वस्थ्य विज्ञान प्रतिस्ठान रहेको छ । (www.dharan.gov.np/?page_id=505. retrived on 8 February, 2019)

## ४.२ वडागत जनसंख्याको विवरण

नेपालमा हालसम्म राष्ट्रिय स्तरबाट ११ औं जनगणना कार्य सम्पन्न भईसकेको छ । अहिलेसम्मको तथ्याङ्कलाई हेर्ने हो भने वि.सं. २०६८ को जनगणना नै अन्तिमको जनगणना हो । उक्त जनगणनाले नेपालको सबै ठाउँको जनसंख्यालाई विस्तृत रुपमा प्रस्तुत गरेको छ । धरान उपमहानगरपालिका जम्मा २० वटा वडामा विभाजन गरिएको छ । वि.सं. २०६८ को तथ्याङ्क अनुसार प्रत्येक वडाको जनसंख्या विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**धरान उपमहानगरपालिकाको वडागत जनसंख्या विवरण**

| वडा नं. | परिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ११९९ | २४५८ | २५०० | ४९५८ |
| २ | ५४० | १३०१ | १३४८ | २६४९ |
| ३ | १०३४ | २३७२ | २४६६ | ४८३८ |
| ४ | ७१३ | १५५४ | १६९७ | ३२५१ |
| ५ | १७७९ | ३६११ | ४१२८ | ७७३९ |
| ६ | १३७१ | २७१३ | ३१९८ | ५९११ |
| ७ | ७७७ | १५८४ | १६९१ | ३२७५ |
| ८ | २८१८ | ५६३७ | ६०४२ | ११६७९ |
| ९ | १०२२ | २०८४ | २०२९ | ४११३ |
| १० | १३८४ | २६०५ | २८३९ | ५४४४ |
| ११ | २७०८ | ५४१७ | ६२८६ | ११७०३ |
| १२ | ७९६ | १६४६ | १८३६ | ३४८२ |
| १३ | २०३४ | ३७८० | ४५२२ | ८३०२ |
| १४ | ८५१ | १७३७ | १८७२ | ३६०९ |
| १५ | ४७२६ | ९२१३ | १०६६६ | १९८७९ |

| | | | | |
|---|---|---|---|---|
| १६ | २७६३ | ५१७३ | ६०२६ | १११९९ |
| १७ | २६१० | ५१२५ | ६१६१ | ११२८६ |
| १८ | १६२० | २७१५ | ३१५७ | ५८७२ |
| १९ | ११५४ | २३१३ | २८१२ | ५१२५ |
| २० | ७९४ | १६३३ | १७५८ | ३३९ |
| जम्मा | ३२६९३ | ६४६७१ | ७३०३४ | १३७७०५ |

स्रोत: केन्द्रिय तथ्याङ्क विभाग, २०११

### ४.३ धरान उपमहानगरपालिका वडा नं २० को परिचय

नेपालको प्रदेश नं. १ मा अवस्थित सुनसरी जिल्लाको उत्तरी भागमा धरान उपमहानगरपालिका रहेको छ । यस उपमहानगरपालिकामा जम्मा २० वटा वडाहरु रहेको छ । ती वडाहरु मध्ये वडा नं. २० क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो र महत्वपूर्ण वडाको रुपमा रहेको छ । यस वडाको क्षेत्रफल ४८.७२ वर्ग किलो मिटर रहेको छ । उक्त वडालाई साविकको विष्णुपादुका नामले पनि चिनिन्छ । वडा नं. २० को उत्तरी भागमा धनकुटा जिल्लाको साँगुरीगढी गाउँपालिका, दक्षिणमा यहि उपमहानगरपालिकाको वडा नं १७ र बराह नगरपालिकाको वडा नं. १, पश्चिममा पनि बराह नगरपालिका र साँगुरीगढी गाउँपालिका साथै पूर्वमा सर्दु खोला रहेको छ । यस वडामा पनि समशितोष्ण किसिमको नै हावापानी पाइन्छ । यस वडाका सबै भुभाग महाभारत पर्वत संृखलामा पर्दछ । त्यसैले तापक्रमपनि तल्लो भाग भन्दा केहि फरक रहेको छ । तर यस वडाको उत्तरी क्षेत्रमा भने गर्मीमा धेरै गर्मी नहुने र चिसो समयमापनि धेरै चिसो नहुने खालको हावापानी रहेको छ ।

धरान उपमहानगरपालिका वडा नं २० को मुख्य आम्दानीको स्रोत कृषि, पशुपालन, वैदेशिक रोजगार, नोकरी तथा पेन्सन साथै व्यापार व्यवसाय, ज्याला मजदुरी र अन्य रहेको छ । यस वडाको अधिकांश मानिसहरु अदुवा, अकबरे खुर्सानी, बेसार, अंलिसो आदि खेती गर्दछन् । यसका अलावा पशुपालनमा बाखापालन, गाईपालन, बंगुरपालन र कुखुरापालन बढीमात्रामा हुने गरेको छ । यसै वडामा सहासिक खेल प्याराग्लाइडिङ उडानको लागि उपयुक्त ठाउँहरु समेत रहेको र उडान समेत हुनेगरेको छ । यसबाट समग्र धरानको नै पर्यटन प्रवर्द्धनमा यो वडाको

महत्पूर्ण भूमिका रहेको छ । त्यस्तै सहासिक खेल रक क्लाइम्बिङ र बञ्जि जम्पको समेत प्रचुर सम्भावना रहेकोले त्यसको विकासको लागि समेत कामको सुरुवात भएको छ । ज्याला मजदुरी, पशुपालन लगाएतको कार्यले पनि यहाँका बासिन्दाहरुको आर्थिक अवस्था सुदृढ गर्न सहयोग पुऱ्याइरहेको छ । यस वडामा १८ देखि ६० वर्ष सम्मको कुल जनसंख्याको करिब ९५ प्रतिशत जनता आर्थिक रुपले सक्रिय रहेका छन् ।

धरान उपमहानगरपालिका वडा नं २० धरान कै एउटा प्रमुख धार्मिक, ऐतिहासिक र पर्यटकिय क्षेत्र हो । धार्मिक स्थलको नामबाट नै यस वडाको नाम विष्णुपादुका रहेको छ ।

यस वडाको आफ्नौ विशेष ऐतिहासिक पृष्ठभूमि र विशेषता रहेको पाइन्छ । यो वडा धार्मिक र पर्यटकिय स्थलको रुपमा पनि परिचित छ यहाँ भगवान विष्णुले पितृश्राद्ध गरेको ठाउँ भएकोले यहाँको नाम विष्णुपादुका रहन गएको हो भन्ने किंबदन्ती पनि छ । विष्णुपादुकामा गई श्राद्ध गर्दा पितृहरु मोक्ष हुन्छन भन्ने धार्मिक विश्वासले गर्दा हरेक साल पौषको औसीको समयमा नेपाल भारत लगाएतका मुलुकबाट श्राद्ध गर्ने भक्तजनहरुको घुइचो लाग्ने गर्दछ । यस वडामा बसोबासको हिसाबले राई र तामाङ्ग जातीको बाहुल्यता रहेको छ भने अन्य जातिहरुमा लिम्बु, मगर, विश्वकर्मा, क्षेत्री, बाहुन लगाएतका जातिहरुको पनि मिश्रित बसोबास रहेको छ । (बालबालिकाको स्थिती पत्र - २०७५)

### ४.४ धरान उपमहानगरपालिका वडा नं. २० को जनसंख्या विवरण

जनसंख्याले कुनै निश्चित भौगोलिक क्षेत्र तथा सिमाभित्रको मानिसहरुको संख्यालाई जनाउँदछ । कुनैपनि क्षेत्रको जनसंख्याको आकार तथा बनावटलाई हेरेर पनि त्यस ठाउँको सामाजिक, शैक्षिक तथा आर्थिक अवस्थाहरुको आँकलन गर्न सकिन्छ । वि.सं. २०६८ को जनगणना अनुसार अध्ययन क्षेत्रको रुपमा रहेको धरान उपमहानगरपालिका वडा नं. २० को जनसंख्या विवरण निम्नानुसार रहेको छ ।

**तालिक नं. २**

**धरान उपमहानगरपालिका वडा नं. २० को जनसंख्या विवरण**

| क्र.सं. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | १६३३ | ४८.१६ |
| २ | महिला | १७८५ | ५१.८४ |
| | जम्मा | ३३९१ | १०० |

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग, २०११

माथिको तालिका अनुसार वडा नं. २० मा जम्मा जनसंख्या ३३९१ जना रहेको पाइएको छ । त्यसमध्ये ४८.१६ प्रतिशत पुरुष र ५१.८४ प्रतिशत महिलाको संख्या रहेको छ ।

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार देशको कुल जनसंख्या पनि महिलाको संख्या बढी र पुरुषको संख्या कम रहेको छ वा लैङ्गीक अनुपात कम रहेको छ । त्यसैगरी अध्ययन क्षेत्रमा पनि राष्ट्रिय तथ्याङ्क सँग मेल खाने खालको तथ्याङ्क पाइएको छ ।

# परिच्छेद - पाँच

# तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण

## ५.१ सामाजिक अवस्था र त्यसमा आएको परिवर्तन

अधिकाँश मध्यम वर्गिय परिवारको मानिसहरु बसोबास गरको अध्ययन क्षेत्रमा धेरै मानिसहरु कृषि पेशामा नै आधारित रहेका छन् भने कतिय मानिसहरु सरकारी तथा गैरसरकारी सेवाहरुमा पनि स्थापित भउका छन् । विशेषगरी बेरोजगारी तथा महिलाहरु भने कृषि पेशा तिर नै आकर्षित भउको पाइन्छ । स्थानिय हाटबजार तथा धरान बजार नजिक भएको कारणले यहाँका मानिसहरु नगदेबाली तीर आकर्षित भएको देखिन्छ । अध्ययन क्षेत्रका मानिसहरुले प्रमुख नगदेबालीको रुपमा अदुवा, बेसार, खुर्सानी, अंलिसो आदिको खेति गरेको पाइन्छ । साथै पशुपालनलाई पनि व्यवसायिकता नै दिएको पाइन्छ । विशेषगरी बाखा, कुखुरा, सुँगुर, गाई, भैंसी पालन गरिएको देखिन्छ ।

पितृसतात्मक परिवारको छाप अझै नहटेकोले होला अध्ययन क्षेत्रमा पनि पुरुषले महिलालाई भन्दा महिलाले पुरुषलाई बढी नै आदार सम्मा गरेको पाइन्छ । सामान्य रुपमा महिलाहरुले घरायसी काम र पुरुषहरुले घर बाहिरको काममा समय विताएको पाइन्छ । यस्तो हुनुमा पुरुषको तुलनामा महिला कम शिक्षित हुनु र परम्परागत मान्यतालाई कायम राख्नुलाई पनि लिन सकिन्छ । यद्यपी यस क्षेत्रका महिलाहरु अहिले आएर विभिन्न समूहहरु गठन गर्ने, समूहको सदस्यता लिने, सामाजिक क्रियाकलापमा सक्रियता देखाउने, विभिन्न किसिमका तालिम गोष्ठी आदिमा सहभागिता जनाउने, एकले अर्कालाई विभिन्न गतिविधिहरुमा सहयोग गर्ने गर्दछन् ।

आफ्नो सामाजिक संस्कार संस्कृतिलाई जोगाइराख्नु र आफ्नो पहिचानलाई कायम राख्नु राई जातिको आफ्नो विशेषता रहेको पाइन्छ । अहिले आएर आफ्नो पहिचानको मुद्धाहरु सतहमा आउनाले पनि होला उनिहरु आफ्नो संस्कार संस्कृतिलाई जोगाउने कार्यमा अझ सक्रिय भएर लाग्ने गरेको पाइएको छ । सोझा र इमान्दार जातिको रुपमा चिनिने राई जातिको लवाई खुवाई, व्यवहार, चालचलन, संस्कार आदिमा आफ्नै विशेषता रहेको पाइन्छ । तर आधुनिक नयाँ विढीमा भने रहनसहन, भेषुभुषा, बोलिचाली, लवाइखुवाई आदिमा परम्परागत भनदा

आधुनिकता तर्फ आकर्षण बढेको देखिन्छ । आधुनिकता सँगै नयाँ पिढीमा शहरी लावाइखुवाईको आकर्षण बढेको छ । अहिलेका केटीहरु साडी चोलो, लुङ्गी, ब्लाउज आदि त्यागेर सर्ट पाइन्ट तथा कुर्था सुरुवाल तिर र पुरुषहरु दौरा सुरुवाल व्यागेर सर्ट पाइन्ट तिर आकर्षित भएको देखिन्छ । त्यसैगरी आधुनिक गरगहना तर्फ पनि महिला र पुरुष दुवैको आकर्षण बढेको देखिन्छ ।

अध्ययन क्षेत्रको राई जातिका सामाजिक अवस्था र त्यसमा आएको परिवर्तनलाई पारिवारिक संरचना, स्वास्थ्य अवस्था, शैक्षिक अवस्था, सामाजिक आर्थिक अवस्था आदि उपशिर्षकमा विभाजन गरेर व्याख्या विश्लेषण गरिएको छ ।

### ५.१.१ जनसंख्या विवरण

कुनैपनि स्थानमा निश्चित समयमा रहेका जम्मा मानिसहरुको संख्यालाई जनसंख्या भनिन्छ । कुनैपनि स्थानको जनसंख्या त्याहाँको स्रोत साधानले थेग्न सक्ने गरि भएमा उपयुक्त नै मान्न सकिन्छ तर स्रोत साधानले धान्न नसक्ने भएका जनसंख्यालाई नियन्त्रण गर्न आवश्वक हुन्छ । नेपालमा विं सं. २०६८ देखि जनगणना हुन थालेको पाइन्छ । नेपालको जनसंख्याको प्रकृतिलाई हेर्दा बढ्दो क्रममा पाईन्छ । अध्ययन क्षेत्रको जनसंख्यालाई तालिका मार्फत तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**

**अध्ययन क्षेत्रको जनसंख्या विविरण**

| क्र.सं | जनसंख्या | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | १५८ | ४७.५९ |
| २ | महिला | १७४ | ५२.४१ |
| | जम्मा | ३३२ | १०० |


स्रोतः स्थालगत सर्वेक्षण, २०१८

माथिको तालिकालाई हेर्दा अध्ययन क्षेत्रमा १५८ जना पुरुष र १७४ जना महिलाको संख्या रहेको पाइयो । लैङ्गीक अनुपातलाई हेर्दा कम रहेको पाइयो अर्थात महिलाको तुलनामा पुरुषको संख्या कम देखियो । जुन नेपालको राष्ट्रिय तथ्याङ्क सँग मिल्दोजुल्दो देखिएको छ ।

### ५.१.२ पारिवारिक संरचना

परिवार भन्नाले एउटै घरमा बस्ने, एउटै छानामुनी बस्ने र एउटै भाँडामा पकाएर खाने बाबु आमा, छोराछोरी आदिको एउटा समूहलाई जनाउँदछ । हाम्रो समुदायमा प्रायगरी दुई किसिमको परिवारको अभ्यास रहेको पाइन्छ । एउटा एकल परिवार र आर्को संयुक्त परिवार । सामान्यताय एकल परिवारमा बाबु आमा र उनिहरुको एक छोरा र एक छोरी समावेश रहेको हुन्छ भने संयुक्त परिवारमा बाबु आमा, बाजे बजु, छोरा छोरी, नाता नातिनी, काका काकी, दाजु दिदि, भाइबहिनी आदि समावेश रेको हुन्छ । परिवारको संरचना परिवारका पुरुषहरु, विवाह नगरेका महिलाहरु र विवाह गरेर ल्याइएका महिलाहरुको समूह मिलेर बनेको हुन्छ । प्रत्येक व्यक्तिको जन्म तथा लालनपालन परिवारबाट नै हुने हुनाले परिवार नै त्यस्तो स्थान हो जहाँबाट व्यक्तिले व्यवहारका स्वरुपलाई निर्धारण गर्न सिकेको हुन्छ । परम्परादेखिको अवस्थालाई हेर्ने हो भने राई जातिको परिवार संयुक्त परिवार अन्तर्गत नै पर्दछ । यस जातिमा बाबु , छोराछोरी, बाजेबजु एउटै घरमा सँगै रहने गर्दछन् । यस जातिमा छोरा बुहारी, छोरी ज्वाई, आमा-बाबु, दाजु भाउजु, दिदि बहिनी, आदि बीच राम्रो सम्बन्ध कायम रहेको हुन्छ । परिवारको आवश्यकता परिपूर्तीको लागि सबैले मिलेर कार्य गर्दछन् । ससबैको भरणपोषण परिवार बाट नै हुने गर्दछ । दैनिक परिवारिक गतिविधि सञ्चालनको लागि महिला र पुरुष दुवैको सरसल्लाह हुने गर्दछ । घरको आन्तरिक गतिविधिमा प्राय महिलाको प्रमुख भूमिका हुन्छ भने बाहिरको कामको लागि पुरुषको भूमिका हुने गर्दछ । आवश्यकता अनुसार सम्पतिमा महिला र पुरुष दुवैको अधिकार हुने गर्दछ । विवाह गरेपछि छोराहरु भिन्न हुने प्रचलन पनि रहेको छ तर त्यो अनिवार्य भने हँदैन । छोराबुहारीहरु भिन्न हुँदा परिवारको जमिन तथा पैतृक सम्पती बराबरी अंशबण्ड गरी बाडिन्छ र सम्पतीको एक हिस्सा बाबु आमाको जिउनीको रुपमा पनि राख्ने गरिन्छ । छोराले अन्य जातिको बुहारी ल्याएर भएका छोराछोरीको जात पनि बाबु कै वा राई नै हुने गर्दछ । सामान्यतया अन्य जातिको सहर यो जातिको परिवार पनि पितृसतात्मक

भएकोले परिवारको प्रमुख व्यक्ति पुरुष नै हुने गर्दछ । सबैले बाबुलाई नै मुख्य मान्दछन् । उसको रेखदेख, नेतृत्व र नियन्त्रणमा नै परिवार सञ्चालन भएको हुन्छ । अध्ययन क्षेत्रमा रहेका राई जातिको परिवारीक संरचना पनि एकल र संयुक्त दुवै प्रकारको रहेको पाइएको छ । जसलाई वृतचित्रद्वारा तल प्रस्तुत गरिएको छ ।




**चित्र नं. १**
**राई जातिको पारिवारिक संरचना**

स्रोतः स्थलगत सर्वेक्षण, २०१८

माथिको चित्र अनुसार अध्ययन क्षेत्रका जम्मा उत्तरदाताको परिवार मध्ये ३२.३१ प्रतिशत अर्थात २१ परिवार एकल परिवार रहेको पाइयो भने ६७.६९ प्रतिशत अर्थात ४४ परिवार संयुक्त परिवार अन्तर्गत रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा संयुक्त परिवारको संख्या बढी रहेको पाइयो ।

राई जातिको परम्परागत इतिहासलाई केलाउदा र अध्ययनमा प्राप्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्दा राई जाति संयुक्त परिवारमा रमाउने र त्यसैको अभ्यास गरिरहेको जाति हो । अध्ययन क्षेत्रको राई जाति पनि एउटै परिवारमा बाबुआमा, छोराछोरी, बाजेबजु, काकाककी आदि एउटै परिवारमा बस्ने गर्दथ्य र एउटै बाबुआमाले दुई भन्दा बढी सन्तान जन्माउने गर्दथ्ये । तथ्याङ्कले संयुक्त परिवारमा बसोबास गर्नेको संख्या धेरै देखाएता पनि अहिले आएर पारिवारिक

संरचनामा व्यपक परिवर्तन आएको पाइएको छ । संयुक्त परिवरमा बसोबास गर्ने अध्ययन क्षेत्रका राई जातिहरु एकल परिवार तर्फ उन्मुख भएको पाइएको छ । एउटा परिवारमा बाबुआमा र एक छोरा तथा एक छोरी मात्र बस्ने प्रचलन बढ्दै गएको पाइएको छ । त्यसैगरी दुई भन्दा बढी सन्तान जन्माउने परम्परा घट्दै गएको पाइएको छ ।

### ५.१.३ परिवारको आकार

परिवारको आकार भन्नाले एउटा परिवारमा रहेको सदस्यको संख्यालाई बोध गराउँदछ । नेपाल एउटा कृषिप्रधान देश थियो र अझै पनि कायम छ । नेपाली जनताको जीवन निर्वाह कृषि पेशामा नै आधारित रहेको छ । कृषि पेशा सञ्चालनको लागि धेरै जनशक्तिको आवश्यकता पर्दछ । जसले गर्दा नेपालीहरुको परिवारको आकार ठूलो हुने गरेको पाईन्छ । अध्ययन क्षेत्र पनि मध्यम वर्गिय परिवारको बसोबास भएको स्थान हो । यहाँको अधिकांश मानिसहरु कृषि पेशामा नै आश्रीत छन् । जसले गर्दा यहाँको पारिवारीक आकारको इतिहासलाई हेर्दा ठूलो आकारको परिवार पाइन्छ । परिवारको आकारले परिवारको संमृद्धि र विकासको सुचकको रुपमा समेत कार्य गर्न सक्दछ । अध्ययन क्षेत्रमा रहेका राई जातिहरुको परिवारको आकारलाई तालिका मार्फत तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**अध्ययन क्षेत्रको परिवारको आकार**

| क्र.सं. | सदस्य संख्या | परिवार | प्रतिशत |
|---|---|---|---|
| १ | १-४ | २१ | ३२.३१ |
| २ | ५-७ | ३३ | ५०.७७ |
| ३ | ८-१० | ११ | १६.९२ |
| | **जम्मा** | ६५ | १०० |

स्रोतः स्थालगत सर्वेक्षण, २०१८

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका जम्मा उत्तरदाताहरुको परिवार मध्ये १६.९२ प्रतिशत परिवारमा परिवारको आकार संख्या ८-१० जना रहेको पाइयो । त्यसैगरी ३२.३१

प्रतिशत परिवारमा १-४ जनाको संख्या रहेको पाइयो र बाँकी ५०.७७ प्रतिशत परिवारमा ५-७ जनाको सदस्य संख्या रहेको पाइयो । प्राप्त तथ्याङ्क अनुसार अध्ययन क्षेत्रमा सबैभन्दा बढी ५-७ जना सदस्य संख्या भएको परिवार र सबैभन्दा कम ८-१० जना सदस्य संख्या भएको परिवार पाइयो ।


अध्ययन क्षेत्रको समग्र तथ्याङ्कलाई हेर्दा ठूलो आकारको परिवारमा बस्नेहरुको संख्या घट्दोक्रममा रहेको पाइयो भने सानो आकारको परिवारमा बस्नेहरुको संख्या बढ्दोक्रममा रहेको पाइयो ।

### ५.१.४ स्वास्थ्य अभ्यास

मानिसको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक पक्षमा सकारात्मक विकास भएको र सक्षम भएको अवस्थालाई स्वास्थ अवस्था भन्ने गरिन्छ । स्वास्थ अवस्था मानवजीवनको लागि अपरिहार्य पक्ष हो । यदि मानिस स्वस्थ छैन भने उसले खुसियाली र उत्पादनशिल जीवनयापन गर्न सक्दैन । त्यसैले पनि भन्ने गरिन्छ स्वस्थ्य नै धन हो । मानिसको स्वास्थ्य अवस्था कस्तो छ र कस्तो हुनेछ भन्ने कुरा उनिहरुले गर्ने गतिविधि तथा व्यवहारले पनि निर्धारणा गर्दछ । मानिसले कुनैपनि किसिमको स्वास्थ्य समस्या तथा रोगहरु देखापर्दा त्यसको उपचार गर्न विभिन्न पद्धति अपनाएको पाइन्छ । रोगीलाई उपचार गर्न कसैले अस्पताल वा स्वास्थ्य संस्था लैजाने गरेको हुन्छ भने कसैले धामी, झँक्री, झारफुक गर्ने, भूतप्रेत मन्साउने र विभिन्न देवाताहरुको पूजाअजामा विश्वास गर्ने र घरैमा राखी उपचार गर्ने गरेको पाइन्छ । कतिपयले स्थानिय रुपमा पाइने सामान्य जडिबुटीको प्रयोग गरेर उपचार गर्ने गरेको पाइन्छ । अध्ययन क्षेत्रका मानिसहरुले पनि राम्रो स्वास्थ्य अवस्था प्राप्तिको लागि आ-आफ्नै किसिमको अभ्यास तथा प्रयोग गर्दै आएको पाइन्छ जसलाई तल चित्रद्वारा प्रस्तुत गरिएको छ । जहाँ आधुनिक उपचार प्रयोगकर्ता अन्तर्गत स्वास्थ्य संस्था तथा चिकित्सकहरुको प्रयोग गर्ने र परम्परागत उपचार प्रयोगकर्ता अन्तर्गत धामी झाक्री, पुजापाठ, जडिबुटी आदि प्रयोग गर्ने लाई लिइएको छ ।

चित्र नं. २

**स्वास्थ्य उपचारको अभ्यास**




स्रोतः स्थालगत सर्वेक्षण, २०१८

चित्र अनुसार जम्मा उत्तरदाताहरु मध्ये ७३.८५ प्रतिशत उत्तरदाताले आधुनिक उपचार पद्धतिको प्रयोग गर्ने गरेको पाइयो भने बाँकी २६.१५ प्रतिशत उत्तरदाताले परम्परागत उपचार पद्धतिलाई नै प्रयोग गर्दैआएको पाइयो ।

प्राप्त तथ्याङ्क अनुसार स्वास्थ्य अभ्यासको अवस्थालाई हेर्दा अभ्ययन क्षेत्रमा आधुनिक उपचार पद्धतिको प्रयोगकर्ता धेरै र बढ्दै गएको पाइयो भने परम्परागत उपचार पद्धतिको प्रयोगकर्ता कम र घट्दै गएको पाइयो ।

### ५.१.५ उत्तरदाताको शैक्षिक अवस्था

सामाजिक विकासको लागि शिक्षा एउटा साँचोको रुपमा रहेको हुन्छ । साथै राष्ट्र निर्माण र विकासको लागि शिक्षा महान ढोकाको रुपमा सावित भउको छ । विभिन्न पक्षहरुमा मानिसहरुको भिन्न-भिन्न दृष्णिकोण रहेको हुन्छ । त्यसैगरी हरेक मानिसहरुको आ-आफ्नै जीवनपद्धति रहेको हुन्छ जुनकुरा उनिहरुको शिक्षा र ज्ञानको तहले निर्धारण गर्दछ । अधिकांश अशिक्षित मानिसहरुले समाजमा विभिनन प्रकारका समस्याहरु झेल्नु परिरहेको हुन्छ । सामाजिक विकृति र विसंगती पनि बढीमात्रामा अशिक्षित मानिसहरुमा नै देखिन्छ । एउटा

परिवार राम्रो बनाउनको लागि घरमुलीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । परिवारको सदस्यहरुको शैक्षिक अवस्था कस्तो छ र कस्तो हुनेछ भन्ने कुराको निर्धारण उनिहरुको अभिभावक वा घरमुलिको शैक्षिक अवस्थाले पनि भूमिका खेल्दछ । अध्ययनमा संलग्न उत्तरदाता अर्थात घरमुलिहरुको शैक्षिक अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४**

**उत्तरदाताको शैक्षिक अवस्था**

| क्र.सं. | शिक्षाको स्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ७ | १०.७६ |
| २ | साक्षर | १३ | २० |
| ३ | प्रा.वि. तह | २२ | ३३.८५ |
| ४ | नि.मा.वि. तह | १४ | २१.५४ |
| ५ | मा.वि. वा सो भन्दा माथि | ९ | १३.८५ |
| | जम्मा | ६५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०१८

माथिको तालिकालाई हेर्दा अध्ययन क्षेत्रको जम्मा उत्तरदाताहरु मध्ये १०.७६ प्रतिशत उत्तरदाता निरक्षर अर्थात पढ्न लेख्न नै नजान्ने पाइयो भने २० प्रतिशत उत्तरदाता चाँही साधारण लेखपढ मात्र गर्न जान्ने पाइयो । त्यसैगरी ३३.८५ प्रतिशत उत्तरदाताहरुले प्रा. वि. तह सम्मको, २१.५४ प्रतशतले नि.मा.वि. तह सम्मको र १३.८५ प्रतिशतले मा.वि. तह वा सो भन्दा माथिको शिक्षा प्राप्त गरेको पाइयो ।

तथ्याङ्कलाई हेर्दा जम्मा उत्तरदाताहरु मध्ये सबैभन्दा बढी प्रा.वि. तह सम्मको शिक्षा प्राप्त गरेको पाइयो भने सबैभन्दा कम निरक्षर उत्तरदाताहरु पाइयो । पहिला नपढेका व्यक्तिहरुपनि प्रौढ शिक्षा जस्ता विभिन्न कार्यक्रम मार्फत पढ्ने र लेख्ने क्षेमता बढाउदै गएको पाइएको छ ।

### ५.१.६ नमुना घरधुरीको सदस्यहरुको शैक्षिक स्थिति

शिक्षा मानव जीवनको समृद्धिको लागि पहिलो आँखा हो । शिक्षाले नै मानिसको आर्थिक तथा सामाजिक पक्षलाई अगाडि बढाउन र जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपालमा वि.सं. २००७ साल भन्दा अगाडिको समयावधीलाई शिक्षाको लागि अध्यारो युगको रुपमा चिनिन्थ्यो । त्यो अवधिमा नेपाली जनताहरु शिक्षाको उज्यालो घामबाट बञ्चित थिए । नेपालमा प्रजातन्त्रको स्थापना पश्चात शैक्षिक क्षेत्रमा निकै सुधार तथा परिमार्जन हुँदै आएको छ । प्रजातन्त्रको स्थापना पश्चात सरकारी तथा गैरसरकारी निकायहरुले नेपालीको शैक्षिक स्तर उकास्न निकै ठूलो भूमिका खेलेको छ । नेपालको जनगणना २०५८ अनुसार शैक्षिक स्थितिलाई हेर्दा जम्मा साक्षर प्रतिशत ५३.७४ रहेको छ जसमा पुरुष ६५.५ प्रतिशत र महिला ४२.८ प्रतिशत रहेको छ । त्यसैगरी जनगणना २०६८ अनुसार जम्मा साक्षर प्रतिशत ६५.९ रहेकोमा पुरुष ७५.१ प्रतिशत र महिला ५७.४ प्रतिशत रहेको छ । (C.B.S 2011) शैक्षिक अवस्था भन्नाले व्यक्तिले के-कति शैक्षिक योग्यता हाँसिल गरेको छ भन्ने कुरालाई बुझाउँदछ । जस्तैः प्राथमिक तह, नि.मा.वि. तह, मा.वि. तह, उच्च मा.वि. तह आदि । अध्ययन घरधुरीको सदस्यहरुको शैक्षिक अवस्थालाई तलको तालिकाद्वारा स्पष्ट पारिएको छ ।

**तालिका नं. ५**

**अध्ययन घरधुरीको सदस्यहरुको शैक्षिक अवस्था**

| क्र.सं. | शैक्षिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ४३ | १२.९५ |
| २ | प्राथमिक तह | ६२ | १८.६७ |
| ३ | नि.मा.वि. तह | ६३ | १८.९८ |
| ४ | मा.वि. तह | ८६ | २५.९० |
| ५ | उच्च मा.वि. र सो भन्दा माथी | ७८ | २३.४९ |
| | जम्मा | ३३२ | १०० |

स्रोतः स्थालगत सर्वेक्षण, २०१८

तालिकालाई हेर्दा अध्ययन घरधुरीको जम्मा जनसंख्या मध्ये १२.९५ प्रतिशत जनसंख्या निरक्षर रहेको पाइयो । त्यसैगरी १८.६७ प्रतिशतले प्राथमिक तह भन्दा तलको शिक्षा प्राप्त गरेको र १८.९८ प्रतिशतले नि.मा.वि. भन्दा तल्लो तहको शिक्षा प्राप्त गरेको पाइयो । त्यसरी नै २५.९० प्रतिशतले मा.वि. तहसम्मको र बाँकी २३.९४ प्रतिशतले उ.मा.वि. वा सो भन्दा माथिल्लो तहको शिक्षा प्राप्त गरेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा जम्मा सदस्य संख्याहरु मध्ये १२.९५ प्रतिशत पढ्न लेख्न नजान्ने पाइयो भने बाँकी सबै साक्षर रहेको पाइयो ।

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा अध्ययन क्षेत्रको जनसंख्याको शैक्षिक अवस्थालाई हेर्दा समयको परिवर्तन सँगै शैक्षिक अवस्थामा पनि सुधार आएको पाइन्छ । अध्ययन क्षेत्रमा निरक्षर मानिसहरुको संख्या घट्दोक्रममा छ भने साक्षर जनसंख्या बढ्दोक्रममा रहेको छ । साक्षर जनसंख्याहरु मध्येपनि उच्च शिक्षा प्राप्त गर्नेहरुको संख्या दिनप्रतिदिन बढिरहेको पाइएको छ ।

### ५.२ आर्थिक अवस्था र त्यसमा आएको परिवर्तन

मानिसको जीवन निर्वाह गर्ने क्रममा आर्थिक पक्षले महत्पूर्ण भूमिक खेल्दछ । व्यक्ति तथा समाजको आर्थिक अवस्था हेरेर पनि देशमा विकास भएको छ कि छैन भन्ने कुरा पत्ता लगाउन सकिन्छ । अझ स्पष्ट रुपमा भन्नुपर्दा व्यक्तिको आर्थिक अवस्थालाई हेरेर धनी गरिब छुट्याउन सकिन्छ । आर्थिक अवस्थाले व्यक्तिको समग्र पक्षमा प्रभाव पार्दछ । आर्थिक अवस्था राम्रो नहुँदा मानिसको शिक्षा, स्वास्थ्य, खानपान लगाएतका कुराहरुमा प्रत्येक्ष असर पर्दछ । यहाँका अधिकांश मानिसहरुको पेशा कृषि भएकोले उनिहरुको आर्थिक अवस्था मध्यमस्तरको नै पाइएको छ । कृषि पेशालाई म्रमुख पेशाको रुपमा अवलम्बन गरेको भएतापनि नगदेवालीलाई प्राथमिकता दिन थालेकोले पहिलाको तुलनामा आर्थिक अवस्था सबैको उक्सदै गएको देखिन्छ । कतिपय मानिसहरु व्यापार व्यवसाय तर्फपनि उन्मुख भएको देखिन्छ र अधिकांश परिवारको एउटा न एउटा सदस्य वैदेशिक रोजगारमा गएको पनि पाइएको छ । त्यसको साथै कोही कोही सरकारी जागिरमा पनि संलग्न भएको पाइएको छ जसले गर्दा अध्ययन क्षेत्रका मानिसहरुको आर्थिक अवस्था पहिलाको तुलनामा अहिले सुधार उन्मुख देखिन्छ । मानिसको आर्थिक अवस्था उसको पेशा, आम्दानिको स्तर, भु स्वामित्व आदि कुराहरुले निर्धारण गर्दछ ।

### ५.२.१ पेशा

पेशा मानिसले जीवन निर्वाहको लागि अपनाउने एउटा पद्धति हो । आफ्नो शैक्षिक स्तर, सीप, क्षमात, आदिको आधारमा प्रत्येक मानिसले आफु अनुसारको पेशा अंगालेको हुन्छ । किनकी मानिसले जीवन निर्वाहको निम्ति कुनै न कुनै पेशा अंगालेको हुनुपर्दछ । पेशाले मानिसको आर्थिक स्तरलाई निर्धारण गरेको हुन्छ । साथै मानिसको जीवनस्तरलाई समेत निर्धारण गरेको हुन्छ । अध्ययन क्षेत्रका मानिसहरुले अबलम्बन गर्दै आएका पेशाको अवस्थालाई तालिका मार्फत तल प्रस्तुत गरिएको छ ।

**तालिका नं ७**

**उत्तरदाताको पेशागत स्थिति**

| क्र.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ३१ | ४७.६९ |
| २ | व्यापार | ७ | १०.७७ |
| ३ | वैदेशिक रोजगार | १३ | २० |
| ४ | ज्याला मजदुरी | ११ | १६.९२ |
| ५ | नोकरी | ३ | ४.६२ |
| | जम्मा | ६५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०१८

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका जम्मा उत्तरदाता मध्ये ४७.६९ प्रतिशत कृषि पेशामा आधारित रहेको पाइयो । त्यसैगरी २० प्रतिशत वैदेशिक रोजगार, १६.९२ प्रतिशत ज्याला मजदुरी, १०.७७ प्रतिशत व्यापार र ४.६२ प्रतिशत नोकरी पेशामा आधारित रहेको पाइयो ।

तथ्याङ्कलाई हेर्दा अधिकाँश उत्तरदाता कृषि पेशामा नै संलग्न रहेको पाइएतापनि पहिलाको तुलनामा अहिले अन्य पेशा अबलम्बन गर्ने मानिसहरुको संख्या बढ्दो रहेको पाइएको छ ।

### ५.२.२ आम्दानीको आवस्था

आम्दानी परिवारको आर्थिक अवस्थाको सुचक हो । व्यक्तिले अबलम्बन गरेको पेशाले उसको आम्दानीको स्तरलाई निर्धारण गर्दछ । दैनिक रुपमा हातमुख जोड्नु, स्वास्थ्य, शिक्षा जस्ता सेवा सुविधाहरु प्राप्त गर्नको लागि उचित आम्दानि हुनु आवश्यक छ । अध्ययन क्षेत्रको मानिसहरुको आम्दानी पनि मध्यमस्तरको नै रहेको पाइएको छ किनकी अधिकांश मानिसहरुले अझैपनि कृषि पेशालाई नै अबलम्बन गरेको पाइएको छ । उत्तरदाताको परिवारको आम्दानीको स्तरलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका नं ८**

**उत्तरदाताको परिवारको बार्षिक आम्दानी**

| क्र.सं. | आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ लाख सम्म | ८ | १२.३१ |
| २ | १ लाख १ देखि २ लाख सम्म | ९ | १३.८५ |
| ३ | २ लाख १ देखि ३ लाख सम्म | १५ | २३.०७ |
| ४ | ३ लाख १ देखि ४ लाख सम्म | १३ | २० |
| ५ | ४ लाख १ देखि ५ लाख सम्म | ९ | १३.८५ |
| ६ | ५ लाख भन्दा माथि | ११ | १६.९२ |
| | जम्मा | ६५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०१८

माथिको तालिका अनुसार जम्मा नमुना घरधुरी मध्ये ८ घरको बार्षिक आम्दानी १ लाख सम्म रहेको पाइयो । त्यसैगरी ९ घरधुरीले १ लाख देखि २ लाख सम्म, १५ घरधुरीले २ लाख देखि ३ लाख सम्म, १३ घरधुरीले ३ लाख देखि ४ लाख सम्म, ९ घरधुरीले ४ लाख देखि ५ लाख सम्म र बाँकी ११ घरधुरीले ५ लाख भन्दा माथी आम्दानी गरेको पाइयो ।

तथ्याङ्कलाई हेर्दा समग्रमा नमुना घरधुरीको आम्दानीको स्तर मध्यम खालको नै रहेको पाइएको छ । कतिपयको वार्षिक आय न्युन पनि देखियो र कतिपयको उच्च पनि देखियो । न्यून

हुनुको कारण नितान्त कृषि पेशामा मात्र निर्भर रहनु र उच्च हुनुको कारण कोरीया लागाएतका मुलुकहरुमा वैदेशीक रोजगारी रहेको पाइएको छ । तुलनात्मक रुपमा सबैको आम्दानीको स्तर पहिला भन्दा अहिले उक्सदै गएको देखिएको छ ।

### ५.३ राई समुदायका सांस्कृतिक अवस्था

राई समुदाय नेपालमा आदिमकाल देखि बसोबास गरि आएको प्रमुख आदिबासी जनजाति हो । उनिहरुको आफ्नै भाषा लिपि तथा संस्कृति रहेको छ । नेपाल सरकारद्वारा सुचिकृत ५९ जनजातिहरु मध्ये सुविधाबञ्चित समूहमा पर्ने राई जाति संस्कार संस्कृतिको धनी जातिको रुपमा चिनिन्छ । अध्ययन क्षेत्रका राई जातिको पनि आ-आफ्नै किसिमको रहनसहन, भेषभुष तथा चाडपर्व रहेको पाइएको छ जसलाई विभिन्न उपशिर्षकमा व्यख्या विश्लेषण गरिएको छ ।

#### ५.३.१ संस्कारहरु

विभिन्न जातजाति वा समाजमा व्यक्तिको जन्मदेखि मृत्यु सम्मका प्रकृयाहरु सम्पन्न गर्नको लागि निश्चित प्रकृयाहरु तयार गरिएका हुन्छन् । त्यसैलाई जातिय संस्कार भनिन्छ । यो जातिय कुल मर्यादा अनुरुपको हुने गर्दछ । संस्कारले मानिसको जातिय पहिचानमा सहयोग गर्दछ । संस्कार भित्र मानिसको गर्भाधारण देखि अन्त्येष्टि सम्मका सामाजिक क्रियाकलापहरु समावेश भएको हुन्छ । राई जातिमा पनि संस्कारहरु सम्पन्न गर्ने आफ्नै प्रकारका रितिरिुथतिहरु रहेको पाइन्छ । अध्ययन क्षेत्रको किरँात राईहरुको समाजमा जन्मदेखि र्मत्युसम्मका संस्कारलाई आफ्नै ढङ्गबाट परिपालन गरेर एक अभिन्न अंगको रुपमा स्थापित गरेको पाइन्छ । जसलाई विभिन्न उपशिर्षकमा उल्लेख गरिएको छ ।

##### ५.३.१.१ चुलो स्थापना

राईहरुले आफ्नो घरमा पित्रीहरु बस्ने प्रतिकको स्वरुप तीनवटा ढुङ्गाको चुलो स्थापना गर्दछन् । उत्त प्रक्रियालाई साम्खा राख्ने पनि भनिन्छ । चुलो आगो बाल्न र खाना पकाउनको लागि मात्र नभएर राई जातिको चुलो महत्वपूर्ण आध्यात्मिक, सांस्कृतिक पक्ष र मान्यतासँग पनि जोडिएको छ । घर बनाइसकेपति नयाँ चुलो स्थापना गर्दा उक्त काम उनिहरुको

ज्ञानीमानी मान्छेले नै गर्नुपर्ने हुन्छ । भने चुलो स्थापना गर्नको लागि वैशाखे पूर्णिमा, असोज पूर्णिमा र मंसिरे पूर्णिमाको अवसर उपयुक्त मान्ने गरिएको छ ।

चुलो मुलथामको पछाडिपट्टि सामान्यतया १×१ हात वर्गाकारको अगेनामा स्थापना गरिन्छ । चुला राख्नको लागि अगेना बनाउदा तल आधारमा एउटा चप्लेटी ढुङ्गा र वरिपरि चारैतिर लाम्चो चप्लेटी ढुङ्गाले चारकुने पारेर तयार पारिएको हुन्छ । चारकुने आकारको अगेनाभित्र तीनकुने आकारको तीनवटा चुलो दुङ्गालाई विभिन्न कुराहरुको प्रतिकको रुपमा बराबरी दुरी र बाराबरी उचाइमा स्थापना गरिन्छ । तीनबटा ढुङ्गा मध्ये एउटालाई पित्री पुर्खा, बुद्धिजिवी र समाज मानिन्छ । एउटालाई शक्ति, धनसम्पति र छोरीचेली मानिन्छ र अर्को एउटालाई सन्तान, अन्नसह र भद्रभलाद्मी मानिन्छ । यी तीनवटा चुलोढुङ्गाको बीचमा रहेको खाली ठाँउ दाउरा लगाउनको लागि उपयुक्त हुनुपर्दछ र बराबर उचाइको बनाई भाँडा बसाल्न पनि उपयुक्त हुनुपर्दछ । अहिले आएर हेर्ने हो भने अध्ययन क्षेत्रमा परम्परागत चुलोको साथै आधुनिक सुधारिएको चुलो, आधुनिक ग्यास चुलो आदिको प्रयोग बढ्दै गएको पाइन्छ ।

### ५.३.१.२ जन्म संस्कार (न्वारन)

अध्ययन क्षेत्रमा राईहरुको विवाहित महिला यदि लामो समयसम्म पनि गर्भाधानको लागि तयारी हुन सकिनन् भने भुलो तथा पित्रीपुजा गरेर सन्तानको बाटो खुलाइदेऊ भनी माग्ने तथा किराँत धार्मिक स्थलगई शक्ति माग्ने गरिन्छ । बच्चा गर्भमा छँदा बच्चाको बाबुले हानमार गर्न, खड्को काट्न हुँदैन, मलामी गई ढुङ्गा बोक्न तथा माटो दिनु हुँदैन भन्ने भनई रहेको छ ।

बच्चा जन्मेपछि छोरा भए कुखुराको भाले र छोरी भए पोथीको नङ्ग्राले सुत्केरी आमा र नानीलाई कोतरेजस्तो गरेर "सेहें वायु हट है" भन्दै धपाइन्छ । यसलाई मामाङ धपाउने पनि भनिन्छ । र उक्त कुखुरालाई दाबिलो वा खुकुरीको उल्टोपट्टिको भागले ढाडमा हिर्काएर मारिन्छ । उक्त कुखुराको टाउको सिङ्गै सुत्केरी बसेको ठाउँको अगेनामा झुण्डाएर न्वारनको दिनसम्म राखिन्छ ।

सामान्यतया छोरा जन्मेको ४ वा ६ दिनमा र छोरी जन्मेको ३ वा ५ दिनमा बच्चाको नाम राख्ने र आमालाई सुत्केरीबाट चोख्याउने गरिन्छ । उक्त कार्य नै न्वारान हो । उक्त दिन घर लिपपोत गरी सफा गरिन्छ । अनी नानी र आमालाई सुत्केरी कोठाबाट बाहिर निकालिन्छ । त्यसपछी आगनको बीचमा राखी चारै दिशा हेराइन्छ अर्थात आकाश, धर्ती, डाँडा, खोला, बनजंगल चिनाउँदै देखाउँदै नानी र आमाको वरिपरि दहिने र देब्रे दुवैपट्टिबाट तीन-तीन पटक परिक्रमा गर्दै डाडुको धुवाँ (मौरीको मैन/सल्लाको खोटो/पुत्काको मैन) र सुनपानी (सातमुलको चोखोपानी/काउलो/तितेपातीको मुन्टा आदि) ले छर्किदै चोख्याइन्छ । त्यसपछि सुडेनीहरुले नानी र आमालाई घरभित्र लगी नानीको नाम राखिदिने, कान छेडिदिएर आशिर्वाद दिने गर्दछन् । नाम राख्दा आफ्नै जतित्व चिनाउने गरी नाम राख्ने चलन रहेको पाइयो । त्यसपछि भेला भएका मानिसहरु खाने पिउने गरि विदा हुन्छन् ।

### ५.३.१.३ पास्नी

किराँत राई जातिको जन्मेको बच्चालाई पहिलो भात खुवाइ गर्ने संस्कारलाई पास्नी भनिन्छ । सामान्यतया छोराको ४ वा ६ महिनामा र छोरीको ३ वा ५ महिनामा राम्रो साहित पारेर काँसको थालमा ढ्याके पैसा, चामाल राखी त्यसमा दियो बालिन्छ अनि केराको पातको दुई लासो बनाई दही चामाल टीकाको लागि मुछिन्छ । एउटा काँसे थाल र बटुकामा बच्चालाई खुवाउने सम्पूर्ण खानाहरु राख्नुपर्दछ र चाँदीको एउटा ढ्याके रुपैयाँ हुनैपर्दछ । उएटा नाङ्लोमा बच्चाको नयाँ लुगापनि राखिन्छ । त्यसपछी एकजना बाजे वा बोजुले दही, चामाल सारसुर गरी सबै पितृदृउ, नयाँ लुगा र दियोलाई पुजा गर्दछन् । त्यसपछि बच्चालाई आमाले पहिलोचोटि नया कपडा लगाईदिएपछि बाजे वा बोजुले टिका लगाई चाँदीको ढ्याके रुपैयाको चन्चिले पहिलो गाँस खुवाइन्छ । त्यसपछि सबै आफन्तजनहरुले टिका लगाई आशीर्वाद दिदै पास्नी सम्पन्न गरिन्छ ।

### ५.३.१.४ छेवर

सामान्यतया छोराको पहिलेपटक कपाल काटिदिने कर्म नै छेवर हो । अध्ययन क्षेत्रमा छोरा जन्मेको २ वा ४ वर्षदेखि उता जाडी वर्षमा पहिलोपटक कपाल काट्ने गरिन्छ । उक्त दिन छोरालाई गोठमा लागि चाखो ठाउँमा गलामा दाम्लोले बाँधी मामली वा जेठोपाकाले

कपाल काट्ने गरिन्छ । काटेको कपाल भुईमा नझरोस भन्नको लागि दिदी बहिनीले टपरामा थाप्ने गरिन्छ । कपाल काटेको बच्चालाई नुहाइधुवाई गरी नयाँ दैरा सुरुवाल र टोपी पहिराएर दियो कलश अगाडि राखी पहिला बाबु आमा र त्यसपहि अनय मान्यजनहरुले पैसा र आशीर्वाद सहित टिका लगाइदिन्छ । यो दिनदेखि छोरा हानमार गर्न र आफन्तजनको सुरक्षाको लागि योग्य भएको पनि मान्ने गरिन्छ । छेवरको संस्कारलाई हेर्दा यो समुदायमा परम्परादेखि हाल सम्म खासै परिवर्तन आएको पाइदैन । पुरानो चलन अनुसारनै यो संस्कार हाल सम्म गरीआएको पाइन्छ ।

### ५.३.१.५ गुन्युचोलो दिने

सामान्यतया छोरी जन्मेको ३ वर्षदेखि पछाडिको विजोडी वर्षमा गुन्युचोलो, पटुकी र बर्को पहिराई दिने कार्य गरिन्छ । यसदिन प्रथमपटक आमाबाबुले दही चामालको टीका लगाई दिएपछि अरु मान्यजनहरुबाट टीका लगाई पैसा दिने र सक्नेले चुरा र गहनाहरु पनि लगाईदिने प्रचलन रहेको छ । टिका लगाउने कार्यक्रम समाप्त भएपछि अन्तयमा मावलीको शिर राख्ने भनी सुँगुरको टाउको, भुटेको मासु, रक्सी, भाती र अचारको कोसेली राखिदिने चलन रहेको छ । उक्त कोसेलीहरु मध्ये पिउने चीजहरु कही भाग त्यहि नै खाइपिई गरी मनोरञ्जन गरीन्छ र बाँकी केहिचाही मावली आफैले लिएर जाने गर्दछ । यस कर्ममा छोरीलाई सृष्टि राख्नको लागि पनि कामना गरिन्छ ।

### ५.३.१.६ विवाह

मानवजातिमा जन्मपछिको अर्को महत्पूर्ण संस्कार विवाह हो । महिला र पुरुषको सम्वन्धलाई समाजलाई पनिपत्निको रुपमा स्वीकार्नको लागि गरिने प्रक्रिया नै विवाह हो । यसले नपाली समाजमा स्त्री र पुरुष बीचमा यौन सम्पर्क राख्ने वैद्यानिक अधिकार प्रदान गर्दछ । नेपाली समाजमा विवाहलाई पुरुष र स्त्रीबीचका समझदारीमात्र नभई सामाजिक । धार्मिक बन्धन पनि मानिन्छ । नेपालमा विवाह सम्वन्धि विभिन्न जातजाति, धर्म, संस्कृति मान्ने समूहबीच आ-आफ्नै प्रकारका परम्पराद्वरा वैवाहिक रितिरिवाज गर्दै र मान्दै आएको पाइन्छ । अध्ययन क्षेत्रकको राई जातिमा सामान्यतया मागी विवाह, चोरी विवाह, प्रेम विवाह, जारी विवाह प्रचलित रहेको पाइन्छ । त्यसैगरी पहिला-पहिला केटीपक्री गर्ने विवाह पनि प्रचलनमा

रहेको देखिन्छ । अध्ययन क्षेत्रमा देखिएको विवाह संस्कारको प्रचलनलाई तालिकामा निन्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९**

**राई जातिमा रहेको विवाहको प्रचलन**

| क्र.सं. | विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मागी विवाह | ३२ | ४९.२३ |
| २ | प्रेम विवाह | २३ | ३५.३८ |
| ३ | चोरी विवाह | ७ | १०.७७ |
| ४ | जारी विवाह | ३ | ४.६२ |
| | जम्मा | ६५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०१८

माथिको तालिका अनुसार जम्म उत्तरदाताहरु मध्ये ४९.२३ प्रतिशतले मागि विवाह गरेको पाइयो । त्यसैगरी ३५.३८ प्रतिशतले प्रेम विवाह गरेको पाईयो, १०.७७ प्रतिशतले चोरी विवाह गरेको र बाँकी ४.६२ प्रतिशत उत्तरदाताले जारी विवाह गरेको पाइयो ।

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा सबैभन्दा बढी मागी विवाह गर्ने गरेको पाइयो । त्यसपछि प्रेम विवाह गर्ने गरेको पाइयो भने सबैभन्दा कम जारी विवाह गर्ने गरेको पाइयो । अध्ययन क्षेत्रमा हाल आएर प्रेम गर्ने आनि मागी विवाह गर्ने प्रचलन बढेको पाइन्छ । प्रेम पश्चात माग्ने अनि नदिएको अवस्थामा चाँही भागेर विवाह गर्ने प्रचलन बढ्दै गएको छ ।

- **मागी विवाह**

राईहरु विविध संस्कृतिले सम्पन्न जाति हो । राई जातिमा मागी विवाह गर्दा स्वेच्छाले केटाको तर्फबाट केटीको घरमा रक्सीको कोसेली लगेर केटी मगनी गरिन्छ । यो परम्परा अध्ययन क्षेत्रका राईहरुमा धेरै लामो समयदेखि चलिआएको देखिन्छ र अहिले पनि सबैभन्दा बढी यही प्रचलन कायम रहेको पाइन्छ । यस कार्यमा केटापक्षबाट दुई र केटीपक्षबाट दुई जना गरी जम्मा चारजना कलिया (मध्यस्थ व्यक्ति), केटीपक्षको

दाजुभाई, केटीको लागि पहिलो कुराको मेसो झिक्ने मानिस, कुतुनी र गाँउघरको जान्नेसन्ने अग्रजहरुको ठूलो भूमिका हुने गर्दछ ।

मागी विवाह गर्दा कसैको छोरी माग्न जाँदा एकैचोटी केटीको घरमा नगई सबैभन्दा पहिला त्यस गाउँमा मानिएको व्यक्तिको घरमा गई एकजोडी कोसेली राखी माग्न जानेको तर्फबाट कुरा शुरु गरिन्छ । उक्त मानिएको व्यक्तिले त्यो एकजोडी कोसेली राखी कलियाको लागि कुनै योग्य व्यक्तिलाई अनुरोध गर्दछन् । त्यसपछी मानिएको व्यक्तिले नै एकजोडी कोसेली सहित हकदार सँग सम्पर्क राखि कुरा राख्ने काम गर्दछ । अनि केटीतर्फका हकदारले केटीका बाबुआमा सँग कुटुम्बहरु छोरी माग्न आएका छन् भन्ने कुरा राख्दछन् । यसमा पनि एक जोडी कोसेली राखिन्छ । केटीको बाबाआमाले केटी दिएपछि हकदारले कोसेलीलाई रीत खाएको स्वीकारी खाने पिउने काम हुने गर्दछ ।

केटी मगनी भैसकेपछि केटाको घरमा भित्राउने राम्रो साहित हेरी उक्त दिन केटासहित बुढापाका कलियाहरु केटीको घरमा गई रीतिविधिपूर्ण रुपमा कोसेली पातहरु प्रस्तुत गर्नुपर्दछ । त्यसबेला केटाको तर्फबाट केटी फकाउने रीत स्वरुप केटीलाई चित्त बुझ्नेगरी पैसा थैलीभित्र हाली जोडी कठुवामा रक्सी सहित बेहुलीको लागि प्रस्तुत गरिन्छ । उत्तबेला चोरभटी राख्ने कार्य गरिन्छ । यस विधिलाई साइमुन्द्रो राख्ने भनिन्छ । त्यसपछि केटीमाथी केटाको पूरा हक लाग्छ । तसर्थ यदि केटीले केटालाई छाडेको खण्डमा केटाले क्षतिपुर्ति उठाउन पाउँछ । साइमुन्द्रोको काम सकिएपछि केटीको बाबुआमा दुवैजना जीवित भएमा संयुक्त रुपमा र नभएमा अरु संयुक्त जोडी भएकाल नै पहिला दही चामलको टिका लगाइदिन्छन् त्यसपछि अरुबा समेत टिकाटालो गरेर केटाको घरमा भित्र्याउने जिम्मा दिइन्छ ।

**चोरी विवाह**

केटीको बाबुआमा तथा माइतीहरुलाई नमागी केटीलाई फकाएर ल्याई गरिने विवाहलाई चोरी विवाह भनिन्छ । चोरी विवाह केटीको सहमती भएर पनि आमाबाबुको असहमतीमा वा अफ्ठ्यारो अवस्थामा कसैको सहयोग लिई वा आफ्नै पहलमा केटीलाई भगाएर विवाह गरिन्छ । चोरी विवाह गर्नेले चोरको सोरमा केटीको घरमा दुईजना

मानिस पठाई तपाइहरुको छोरीचेली फलानाको घरमा वा पासमा छ भनि जनकारी दिनुपर्दछ । केटीलाई फकाएर चोरी लगेकोमा बाबुमाइतीले मगेर लगेको भएपनि हन्थ्योनी, किन चारेर लगियो ? आदि प्रश्न गर्ने गर्दछ । त्यसमा केटा पक्षकोले हाम्रो गल्ति भयो भनी क्षमायाचनाको लागि र आँखाछल गरी लगेको दण्डस्वरुप एकजोडी मटिया (कठुवा) मा रक्सी र एउटा भाले राख्नुपर्दछ । त्यसपछि केटीको घरको इच्छा बमोजिम केटाकेटी दुवैलाई बोलाई घर टेकाउने कार्य हुन्छ । अन्य रीतिहरु मागी विवाह समान हुने गर्दछ ।

**प्रेम विवाह**

केटा र केटीले एक अर्कालाई मन पराई वैवाहिक सम्बन्ध राख्ने प्रचलनलाई प्रेम विवाह भनिन्छ । प्रेम विवाहमा आफै वा आफन्तको सहयोग लिई आमाबाबुको स्वीकृति लिइन्छ । अनि विवाहको प्रक्रिया अगाडि बढाइन्छ । विवाहको अनय विधि भने मागी विवाह सरह नै हुन्छ । अध्ययन क्षेत्रमा हाल आएर यसप्रकारको विवाहको प्रचलन बढ्दै गएको पाइन्छ ।

**जारी विवाह**

कसैको श्रीमती अर्को केटासँग मनपराएर वा मिलेर लगेमा वा गएमा त्यसरी गरिएको विवाहलाई जारी विवाह भनिन्छ । यस्तो विवाह गर्दा अर्काको श्रीमती लैजाने जारले पहिलाको केटालाई जारी खत र धनमाल भएमा केटीले समाजको भलाद्मीहरु बसेको ठाउँमा फिर्ता गर्नुपर्दछ । अध्ययन क्षेत्रमा यस्तो प्रकारको विवाहको प्रचलन भने पहिलाको तुलनामा कम हुँदै गएको पाइएको छ ।

**केटी पक्री गर्ने विवाह**

केटाको पक्षले मन पराएको केटीलाई जबरजस्ती पक्रिएर लगि गरिने विवाहलाई केटी पक्रि गर्ने विवाह भनिन्छ । पहिला-पहिला धेरै प्रचलनमा आएको यस्तो विवाहको प्रचलन अब भने समाप्त भैसकेको छ । यसरी गरिएको विवाहबाट जन्मेको सन्तान टाठोबाठो हुन्छ भन्ने अवधारणा वा मान्यता रहेको पाइन्थ्यो । त्यसैगरी केटा लाटो लठेप्रो तथा अपाङ्ग भएमा कटी नपाइने अवस्थ रहन्थ्यो त्यस्तो अवस्थामा यस्तो प्रकारको विवाह गरिन्थ्यो । प्रचिन राजा महाराजाहरुले समेत यस्तो विवाह गर्ने प्रचलन

रहेको हँदा त्यसैको प्रभावस्वरुप अध्ययन क्षेत्रमा पनि यस्तो प्रचलनले प्रश्रय पाएको देखिन्छ । तर हाल आएर यस्तो प्रचलनको विवाह पूर्ण रुपमा अन्त्य भएर गएको पाइएको छ ।

### ५.३.१.७ मृत्युकर्म

अध्ययन क्षेत्रका किराँत राईहरु भूमिपुत्र भएकाले भूमिमा नै मिल्नुपर्छ भन्ने विश्वास उनिहरुमा रहेको पाइन्छ । आफु मरेपछि स्वर्गलोक वा मर्त्यलोक भन्ने र जानेबारे कुनै विश्वास गर्दैनन् । बरु उनिहरु आफ्नै चुलामा आउने कुराम विश्वास गर्दछन् । अध्ययन क्षेत्रका राईहरुको मृत्युसंस्कारबारे स्पष्ट हुनको लागि विस्तृत रुपमा तल प्रस्तुत गरिएको छ ।

समसामयिक वा सामान्य अवस्थाबाट भएको मृत्युलाई सम्मानपूर्ण ढङ्गबाट संस्कार गरिन्छ । सहज मृत्युमा गरिने विधिहरु आ-आफ्नै भएतापनि मूल विधिभने समान रहेको पाइन्छ । मृतकलाई राडीमा राख्नु हँदैन त्यसैले मान्द्रोमाथी गुन्द्री ओच्छ्याई त्यस माथी राखिन्छ । मृतकको शिरमा र खुट्टामा काँसे थाल ठड्याएर राख्ने गरिन्छ । असहज कारणबाट मृत्यु भएमा मृतात्मा बस्ने टुङ्गो कचुर काटेर माङ्पा (विजुवा) हरुले गर्दछन् । साथै छेवर र गुन्युचोलो नदिएका बच्चाहरु मरेमा वनमा नै दवाउने गरिन्छ । मृतात्मले घरपरिवारमा दःख नदियोस भनि चोखिने दिन बेलुका विजुवालाई चिन्ता बसाई मृत आत्मालाई बाटो लगाइन्छ । यसलाई सेहें हटाउने पनि भनिन्छ । भात खुवाई नगरेको बच्चालाई ओडारमा लगी कोक्रोमा राखिन्छ । उओीहरुको ठूलो काजक्रिया गरिदैन । आमा र बाबुले मात्र जुठो बार्छन । उनिहरुलाई विजुवाले सीधै फुलबारीमा राखिदिने गर्दछन् ।

मृत्यु पश्चात गरिने केही सामान्य विधिहरु : मृत्यु भएपछि सबैभन्दा पहिला मृत शरीरलाई सफा गरी सफा लुगा पहिराइन्छ । एउटा काँसको थालमाथि माना चामाल, कलश, धुपबात्ती बाली सजाएर मृतकको शिरपट्टि राखिदिने गरिन्छ र दुईवटा काँसे थाल मृतकको शिर र पाइतालामा ठड्याइदिने गरिन्छ । मृतकको निधारमा एउटा ढ्याके रुपैयाँ टिका लगाइदिनुपर्दछ र सुनपानी बनाएर फुल तितेपातीले श्रद्धञ्जली अर्पण गर्नुपर्दछ । मृतकलाई दफन गर्न लाँदा कात्रो कपडा मृत शरीरलाई ढाक्नेगरी हुनुपर्दछ र त्यसै कपडाबाट बनाइने सामाग्रीहरुमा एउटा घामछाँया (नामछेङ्मा), एउटा झण्डा, लायो बोक्ने बाँसको सिन्काले

तुनेको दुईवटा झोला, किरियापुत्रीहरुको लागि घुम्टो जतिजना छन् त्यतिवटा बनाउनुपर्दछ । मृत शरीरलाई बोक्ने काठको बाकस पनि बनाइन्छ । माटोको भाँडोमा धान भुटेर एउटा झोलामा हाल्ने, दोस्रो झोलामा मानाचामाल हाल्ने जसलाई लायो भनिन्छ । माना चामालको भात डाडु पुन्युले नचलाई पकाउनु पर्छ । चोखो जाँडको प्रतिकको रुपमा त्यसैबेला मर्चा, पानी र कोदोको घोल उल्टो काटेर बनाएको बाँसको चोङ्गोमा लगाइन्छ । त्यसको अभाव भए आजभोली बोतलमा पनि लगाउने गरिन्छ । मृत शरीरलाई घरबाट निकाल्नु भन्दा अघि परिवार तथा दाजुभाई, छोरीचेलीले केही जाँडा पानी तयार गरी, फुलको थुङ्गो मार्फत श्रद्धाञ्जली दिइन्छ भने मृत शरीरलाई बाहिर निकाल्दा तिम्रो बस्ने चिहानमा लाँदैछौ है भन्ने मन्त्र भट्याउछन् । श्रद्धाञ्जली अर्पण गरिसकेपछि लासलाई बाहिर आगनमा निकालेर बाकस वा बाँसको फ्रेममा राखिन्छ । मृत शरीरलाई कात्रोले ढाकी तीनठाउँमा चोयाले बाँधिन्छ । शिरमा अनुहारलाई शीतल हुनेगरी राखिन्छ । मलामी आएका बुढापाकाहरु कसैले अगुल्टो, झण्डा, कसैले पकाएको हाँडीको भात, मृतकका केही हतियारहरु, कसैले दुईवटा झोलाको लायो बोकेर अगाडि हिँड्न पर्दछ । साथै लाशलाई उठाएर ती बुढाहरुको पछि-पछि लानुपर्दछ । लायो बोक्नेले बाटोमा छर्दै जानुपर्दछ जसले गर्दा पहिले मरेको मृतक आत्माले बाटो नथुनोस भन्ने मान्यता हो । लाशलाई लाँदा खुट्टा अगाडि बनाएर नबिसाई लागिन्छ ।

चिहान खन्नु अघि माङ्पाले जाँडले ठाउँलाई घेरा हाल्ने र एक रुपयाँ ढ्याक् पैसा राखेर भूमिमाता सँग जग्गा किन्नुपर्छ चिहान खन्न किनिएको जग्गा बाहेक अन्त खन्न वा जान हुँदैन । जग्गा किनिएको पैसा चिहानमा नै लगाइदिनु पर्छ । आजभोली एउटा ढुङ्गालाई आस्थाको रुपमा चारदाम राखी जमिन किन्ने चलन पनि गर्न थालिएको छ । प्रचलन अनुसार आफ्नै बारीमा लाशलाई दबाउनुपर्छ भन्ने मानिन्छ । चिहान तीन तहको हुन्छ । लाश सुतेको तह, लाशलाई ढाकेको तह र चिहानको बाहिरी तह । मृत शरीरलाई राख्ने ठाउँ किन्ने कार्य गरिसकेपछि खाडाल खन्न शुरु गरिन्छ । खाडाल खनी समपूर्ण तयारी भएपछि लाशलाई तीनपटक चिहानको वरपर घुमाइन्छ र उत्तर वा पूर्वपट्टि टाउको पारी खाडालमा राखिन्छ । तुँना, इँजारहरु बाँधिएको छ भने फुकाइदिनुपर्छ, गरगहनाहरु लगाएको छ भने फुकाएर निकालिन्छ । कात्रो कपडाले छोपेर माथिबाट ढकनीले छोपिन्छ साथै त्याहाँ उपस्थित सम्पूर्ण मलामिहरुले माटो दिने काम गरिन्छ । लाशलाई माटो दिँदा घरको मुल मानिसले त्यसपछि

अरुले देब्रे हातले तीनपटक दिई तीनैपटक केही माटो फर्काउनुपर्छ । मृतकले चलाएको हतियार, खुकुरी, कर्द, खुरुम्बी, काइँयो, लौरो जे-जे छ सबै चिहानमाथी राखिदिने गरिन्छ र झण्डा चाँहि काटेर फालिन्छ । त्यसपछि सम्पूर्ण मलामीहरु मृतकको घरतिर फर्कन्छन् । पर्किने बाटोमा सिस्नु वा काँडाको प्रयोग गरिन्छ । यसलाई मृतकको आत्मालाई बाटो थुनेको भन्ने भनाइ छ । द्धरमा बस्नेहरुले भित्रबाट लिप्दै बाहिर निकालिन्छ र घरको बलैँसीमा आगो फुकेर तितेपाती, जाँडपानी राखिएको हुन्छ । मलामीहरुले आगोमा आफ्नो देब्रे पैताला सेकाउदै सातमुलको पानीले चोखिन्छन् । गाउँधरका इष्टमित्रहरु अन्तिम कर्म नसकेसम्म राती जम्मा भई जागै बस्ने गर्दछन् ।

राईहरुको उमेर अनुसार जुठो बार्ने चलन फरक-फरक रहेको देखिन्छ । छाक जुठो बार्दा विशेष गरेर अदुव, नुन र तेल, खोर्सानी, माछामासु आदि छुनु र खानु हुँदैन । जुठो बारेको अन्तिम दिनमा विधि पुऱ्याएर सबै राईहरुले जुठो फ्याक्ने चलन छ । सबैभन्दा पहिला एउटा दुनामा अदुवा, खोर्सानी, नुन तेल भुटेर राख्नुपर्दछ र अर्को दुना खाली राख्नुपर्दछ । त्यसका साथै अन्य आवश्यक चिजहरु जुठो नपरेका अन्य पाछाहरुले नै तयार गरिदिनु पर्दछ । जुठो फ्यक्नेले रिदुम सुरु गर्दछ र भनिसकेपछि दुनामा राखिएको भुटेको नुन, अदुवा, तेल, खोर्सानी पहिला किरियापुत्रीहरुले छँदै साथै अरु दाजु भाइहरुले पनि क्रमैसँग छुने गरिन्छ ।नुनतेल छँदा देब्रे हातको कान्छी औंलाले तीनपटक छोएर सातमुलको पानीले चोखिने गरिन्छ । किरियापुत्री बसेकाले छोरीचेली, भान्जाभान्जी, ज्वाँइचेला सबैलाई दहि चमलको टिका लगाइदिएपछि सबै धर्मकर्म खुला हुन्छ भन्ने गरिन्छ । किरियाकाजमा लगाएको टिका अशुभ भएकोले तुरुन्त पुछेर फ्याक्ने गरिन्छ । मृत्युकर्म परम्परा देखि नै निरन्तर रुपमा यहि तरिकाले सम्पन्न गर्दै आएको पाइन्छ । यसमा देखिएको परिवर्तनलाई हेर्दा आधुनिकताको प्रभावस्वरुप खानपानको शैलिमा केही परिवर्तन आएको छ भने अन्य संस्कार हरुमा खासै परिवर्तन आएको पाइदैन ।

### ५.३.२ चाडपर्वहरु

राईहरुका विभिन्न चाडहरु छन् । अध्ययन क्षेत्रका राईहरुले मान्दै आएका मुख्य चाडपर्वहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ५.३.२.१ साकेला वा भूमे पुजा (उँधौली, उँभौली)

किरात राईहरुको आदिम पुर्खा सुम्निमा पारुहाङ तथा प्रकृतिको सम्झना गर्दै वर्षको दुईपटक उँधैली र उँभौली गरी दुई ऋतुहरुमा पुजा गर्ने प्रचलन एक अभिन्न संस्कारको रुपमा चलिआएको पाइन्छ । यो चाड हरेक वर्ष आगामी लगाइने बालीनाली राम्रो होस् र पाकेको बाली राम्रो भयो भनी आफ्नो पित्री/प्रकृतिलाई चढाउँदै पूजा गर्दै खुशीयालीमा मनाइने चाड हो । यो पुजा गर्ने दिनको अगाडि नै चोखो जाँड पकाएर पूजागर्ने नाक्छोङद्वारा धारा पूजा गरिन्छ । यसलाई धारा पूजा वा पानी माग्ने भनिन्छ । उपभोत्ताहरुले धारालाई सफा गरी पानीलाई थुनी राख्छन् । जसलाई नाक्छोङ गएर पूजा गरी फलाकेर उपभोक्ताले अघि थुनी दिएको छेकेबारलाई भत्काई पानी बगाउँछन् । धारा पूजा गरिसकेपछी सबै नाक्छोङहरु निर्धारित एउटा धारामा भेला भई कुखुराको भाले प्रयोग गरेर पूजा सम्पन्न गरी जाँड मासु खान्छन् । धाराको संरक्षण नगर्दा पानी सुक्ने सम्भावना हुनाले किराँत राईहरुले संस्कृतिको रुपा धाराको संरक्षण अपनाएका छन् । त्यसपछि घरैपिच्छे सह माग्नको लागि साकेवा थानमा जाँदैछौ है भनेर घरभित्र चुलो उठाउने पूजा गरिन्छ । बाहिर ढोल झ्याम्टा बजाई नाचिन्छ । लगाएको बालीनाली पाकेर थन्क्याउन थालेपछि मंसिरे पूर्णिमादेखि वैशाखे पूर्णिमासम्मको अवधिलाई उँधौली भनिन्छ । उँभौली चाँही वैशाखे पूर्णिमादेखि मंसिरे पूर्णिमासम्मको अवधिलाई मानिन्छ । उँधौली मंसिरे पूर्णिमादेखि शुरु भई लगभग पन्ध्रदिन सम्म पुजिन्छ र उँभौलीमा बैशाखे पूर्णिमादेखि औंसीसम्म पुजा गरिन्छ । प्रायः पञ्चमी तिथिमा पूजालाई समापन गर्ने प्रचलन रहेको  छ । पुज्ने दिन नाक्छोङ नुहाएर चोखो भई आफ्नो चुलो उठाउँदछन् त्यसपछि मुजुर, कुखुरा र लाम्पुच्छ्रेको पुछारको प्वाँख लगाई सुनाखरी फुल प्रयोग गरी बुनेको पगरी शिरमा पहिरिई सेतो पटुका बाँधेर खुकुरी कम्मरमा, मृगको छालाको पेटीमा तरबार देब्रेपट्टि भिरी, बोटैसँगको अदुवा राखेको सानो जाबे दोकाँधे पारेर देब्रेपट्टि भिरी देब्रेहातमा मुखिताली (धुन) लिएर चारजना नाक्छोङहरु ढोले, झ्याम्टेहरुका साथ पूज ागर्ने ठाउँतिर जान्छन् । नाक्छोङका पछि-पछि लाग्ने हुलका मानिसहरुले अर्नाको सिंङ, कटुसको स्याउला, पूजाको सामाग्री र एकजनाले आरीखोङ (काठको सानो आरी) मा एकमाना चामाल त्यसमाथी जाँड लगाएको चिण्डो र अदुवा बोकेका हुन्छन्  ।

ठाउँ-ठाउँमा फलाक्दै अघि बढ्दै साखेवा थानमा पुग्छन् । नाक्छोङ्द्वारा चुनेको विशेष ठाउँमा साखेवा थान स्थापना गरिएको हुन्छ । वरिपरि ढुङ्गाको पर्खालले बारेर सुरक्षित ठाउँको ढोकामा चेप्टो ढुङ्गा राखिएको हुन्छ । जसमाथी उभिएर नाक्छोङ्ले पूजा शुरु गर्दछ । नाक्छोङ्ले आफ्नो पाछाको सबभन्दा पहिला पूजा गर्ने पालो हुन्छ । त्यसपछि क्रमशः अन्य पाछाहरुको सामाग्रीले पालैपालो पूजा गरिन्छ । आफ्नो अगाडि मुखिताली गाडेर लहरै बसेका नाक्छोङ्हरुले बुढाहाङ, चालिमाङ, हेलवामाङ र साम्खालाई क्रमशः कोदो, धान, मकैका विरुवाहरु र भात राखेर पूजा गर्छन् । उक्त दिन पूजा सकेपछि घरैपिच्छे गएर नाक्छोङ्द्वारा पित्री थन्क्याउने चुलो पूजा गरिन्छ । यसमा बिजुवाले कुखुराको पोथी चढाई सह मागेर ल्यायौं भनि पुकार्छ । सिलिमाङ्पा नाच्नेहरु र ढोलेभ्याम्टेले नाच्दै चुलोलाई तीन फन्का परिक्रमा गर्छन् । अन्त्यमा सिलिमाङ्पा र नाच्नेहरुले नचाएको सेउली भारा सिउरिन्छन् । यसरी थान र पाखामा नाक्छाङ्ले पूजा गर्दागर्दै ढोल-भ्याम्टाको तालमा “सोइ ढोले सोइ आर्को ढोले खोई” भन्दै थानको वरिपरि नाचिन्छ । बालकदेखि वृद्धवृद्धाले समेत यो साखेवाम भाग लिई नाच्दछन् । साखेवा थानको पूजा पछि पित्री/प्रकृतिद्वारा पाएको सह वा आशिष लिएर हरेक नाक्छोङ्ले आ-आफ्नो क्षेत्रको घरमा सहयोगीको साथमा नाक्छोङ्को धनुबाण, कटुस वा सिन्कौलीको सेउली गाडेर नाच्दै सहलाई घरभित्र सुप्तुलुङमा हुल्दछन् । जसलाई माङ हुल्ने भनिन्छ । यसरी माङ हुलेपछि नाच्न पाइँदैन त्यसैलाई सेउली सेलाउने भनिन्छ । विधिपूर्वक वरदान मागी ढोल भ्याम्टासहित यो कार्य समापन गरिन्छ । साखेवा सिली राई जातिको अति प्रसिद्ध तथा एकमात्र नाच हो । यो नाचमा नाचिने सिलीहरुले किराँत राईहरुको आदिम जीवन पद्धति र मौलिक संस्कृतिलाई जीवन्तरुपले उजागर गर्दछन् । पशुपालन, कृषिदेखि आधुनिक युगमा प्रवेश गरी विभिन्न सिलीहरुको माध्यमद्वारा किराँत राईहरुको प्राचीनता, सभ्यता, ऐतिहासिकता साथै सामाजिक महत्वलाई प्रस्तुत गरेको पाइन्छ । साखेवाको चाड मान्न टाढा-टाढा घर भएका छोरी चेलीहरु र परदेश गएका परदेशी राईहरु समेत यो चाडको अवसरमा घरगाउँ आइपुगी खुशीयालीमा सहभागी हुन्छन् ।

### ५.३.२.२ अन्य सामाजिक चाडपर्वहरु

- **माघे संक्रान्ति**

रहेक सालको माघ महिनाको पहिलो दिन माघेसंक्रान्तिलाई चाडको रुपमा मनाउने परम्परागत संस्कृति अध्ययन क्षेत्रका राईहरुमा रहेको छ । यो चाड आहिले साझा भैसकेको भएतापनि विशेषगरी राईहरुले पनि आदिम जीवन निर्वाहको झल्को देखाउने बनतरुल, घरतरुल, गिठ्ठा भ्याकुर जस्ता जंगली फलफुलहरु खोजी उसिनेर विहानको पहिलो आहारको रुपमा खाने प्रचलन राईहरुमा रहेको पाईन्छ । पित्रीहरुको महानवाणी अनुसार कुनै जमानामा मानिसको चेतनाको विकासक्रम अनुसार जङ्गली अवस्थामा काँचो मात्र खान जान्ने समयमा घना जंगलमा रुख रगोडिएर आगो लाग्दछ र सबै खानेवस्तु डढेर खरानी भएपछि पनि राम्रो भएबाट पोलेर वा पकाएर खान सिकेको दिनको रुपमा यो चाड मानिन्छ । यो भन्दा अघि काँचै खाने चलन भएे हँदा काँचो पनि टिका बनाउने, खाने र डढेको तिलक बनाई टिका लगाउने, पाकेको खाने, त्यो पनि पकाउँदा मसान्तको दिन नै पकाउने र सँक्रान्तिको दिन खाने गरिन्छ । बुढापाकाहरुको अनुसार यो चाड साउने सङ्क्रान्ति भेटिदैनकी भनेर मान्ने चाड हो ।

- **साउने सङ्क्रान्ति**

हरेक वर्षको साउन महिनाको पिहलो दिन साउने सङ्क्रान्ति भनेर भैसी वा राँगा काटेर खाने चाडलाई अध्ययन क्षेत्रका राईहरुले मनाउने गरेको छ । यस दि लेकको टिमुरलाई मासुमा मसलाको रुपमा लगाई खाने चलन रहेको छ । यो विशेषत राईहरुले आदिमकालदेखि जीउ तथा पेट दुखेको, वायु भरिएको बेला औषधीको रुपमा खाने प्रचलन रहेको पाइन्छ । अनि कुरिलो आगौमा पोलेर पटट्ट पट्काउने, धानबिना नै डिकी, जाँतो, डालो, नाङ्लो आदि बजाउँदै अनिकाल जा, सहकाल आइज, हैजा लुतो, घाउ, खटिरा दःख विराम लैजा है भन्दै एउटा अगुल्ठो धुरी वा कान्ला कटाई फ्याक्ने गरिन्छ । यसैलाई राँके भनिन्छ । यो राँके बारेको दिन खेलबारीमा पस्नु हँदैन । सङ्क्रान्तिको दिन बूढापाकाहरु कामबाट बिसाएर छरछिमेकतिर घुमफिर गर्दछन् भने युवाहरु डाँडाकाँडा घुम्ने, खेल्ने तथा स्थानिय हाटबजार गई नाचगान तथा मनोरञ्जन गर्दछन् ।

- **तिहार**

तिहारलाई किराँत राईहरुले विशेष चाडको रुपमा मानेको पाइन्छ । प्राप्त इतिहास अनुसार किराँत राजा बलिहाङको कालबाट यो तिहार मान्ने, देउसी भैलो खेल्ने, दिदि वहिनीद्वारा दाजुभाइलाई तिहारको भाइटिका लगाइदिई लामो आयुको कामना गर्ने परम्परा रहि आएको पाइन्छ । तसर्थ यो चाडबारेपनि अध्ययन क्षेत्रका राईहरुको गहिरो आस्था रहेको पाइन्छ ।

- **वनशिकारी वा दिवुङ पूजा**

वनजङ्गलमा शिकार खेल्ने व्यक्तिहरु मरेपछि शिकारी हुन्छन् भन्ने विश्वास गरिन्छ । शिकारीदेउको सम्मानमा अध्ययन क्षेत्रका राईहरुले वर्षमा एकपटक धनुकाँड, ठोक्रो, जाँड र कुखुराको भालेको भोग चढाई दरजा शिकारी र एक्ले शिकारीको पुजा गर्ने चलन रहेका पाईन्छ ।

- **संसारी पूजा**

दादुरा, बिफर, सिफर, देसान मसान, वायु नलागुन, परपर हटोस, पानी परेर दःख, विराम, हैजा रोग सबै बगाएर लैजाओस, आँधी बेहरी केहश्र नआओस, बोट बिरुवा सलक्क हुर्किओस भनेर वर्षमा एकपटक वैशाखमा सबैगाउँ मिलि दामासही पैसा, चामाल, कुखुरा, परेवा उठाई खोला पुऱ्याएर पूज ागर्ने चलन छ । जसलाई संसारी पूजा भनिन्छ । यसरी संसारी पूजा गरेको दिन पानी पर्छ भन्ने जनविश्वास पनि रही आएको छ भने कतिपय पानीपरेको घट्नाहरुपनि पाइएको छ ।

- **थानी पूजा**

अध्ययन क्षेत्रका राईहरुमा अर्को अनौठो देउ थानी रहेको छ । कसैले अन्तरजातिय विवाह गरी ल्याएको महिलाको मृत्यु भएपछि कुनै समयमा थानीदेउ भई उत्रिने गरेको विश्वास पाइएको छ । यसलाई वर्षमा एकपटक सबै गाउँघर र टाढाटाढाबाट छोरी चेलीहरुले कुखुरा, चामल, रक्सी ल्याई पूजा गरेर मानमनितो गर्दछन् । यस बाहेक किराँत राईहरु भीर, पहरा, खोलानाला, देवी देउराली, नाग-नगेनी, गोठपूजा, भीमसेन पूजा आदि पनि गरेको पाइन्छ ।

### ५.३.३ अध्ययन क्षेत्रका राई जातिले प्रयोग गर्ने बाजाहरु

अध्ययन क्षेत्रका राई जातिले आफ्ना चाडवर्प तथा उत्सवहरुको अबसरहरुमा विभिन्न किसिमको बाजाहरुको प्रयोग गर्ने गरेको पाइएको छ । उनिहरुलृ प्रयोग गर्ने तथा गर्दै आइरहेका बाजाहरुलाई तल प्रस्तुत गरिएको छ ।

- सुसेली

  राईहरुले मुखले सुसेलेर बजाइने सुसेलीलाई मीठो संगीतको रुपमा प्रयोग गरेको पाइन्छ । सुसेली कुनै वस्तु वा साधान बिना मुखले फुकेर मात्रै पनि सुसेल्न सकिन्छ भने मुखमा हातको औँला प्रयोग गरेर टाढासम्म साङ्केतिक आवाजको सूचना प्रवाहको मिम्ति पनि प्रयोग गरिन्छ ।

- पात (पिपिर)

  बोट विरुवाको पातलाई दोबारेर मुखमा च्यापी ओठको सहायताले फुकेर निकालेको आवाजलाई पनि साङ्गीतिक रुपमा प्रयोग गरेको पाइन्छ ।

- सिङ (पुङ)

  अध्ययन क्षेत्रका राईहरुले आदिमकाल देखि नै सिङ बाजाको रुपमा प्रयोग गरेको पाइन्छ । अर्ना वा त्यस्तै खाले ठूला जनावरको सिङलाई बाजाको रुपमा प्रयोग गरेको पाइन्छ ।

- यलम्बर/तुङवा

  बाँसद्वारा निर्मित विभिन्न बाजाहरु मध्ये यलम्बर बाजा राईहरुको महत्वपूर्ण र मौलिक बाजा हो । जुन बाासको दुवैतीरको आँख्ला राखी त्यसैको चोया निकालेर तन्काई बाँसकै चोइटा च्यापेर बीचमा चारकुने प्वाल पारी बनाएको हुन्छ । यो बाजा साङ्गीतिक सभ्यताको परिचायक पनि हो ।

- बिनायो

  बिनायो बाजा पनि बाँसको प्रजाती मालिङ्गोबाट निर्मित बाजा हो । मालिङ्गोको कप्टेरोलाई बीचमा नहर्नीले खिपेर एउटा सानो जिब्री निकालिन्छ र बिनायोको एक

छेउमा धागोको डोरीले बाध्ने ठाउँ बनाई त्यसैमा डोरी बाँधी ओठको छेउमा लगि श्वासको माध्यमले बजाइन्छ ।

- मुरली तथा बाँसुरी

यो बाजा पनि मालिङ्गो वा बाँसबाट नै बनाइन्छ । एक आँख्लाको बाँस वा मालिङ्गोमा विभिन्न प्वालहरुको निर्माण गरी यो बाजा बनाइन्छ । यो बाजा विभिन्न साङ्गीतिक कार्यक्रम, बनजङ्गल, गोठाला आदिमा बजाइन्छ ।

- ढोल

राईहरुको प्रमुख तालबाजा ढोल नै हो । साखेवा नाचमा यो ढोल बाजा प्रमुख प्रयोग गरिन्छ । यो नेपालकै लोकप्रिय बाजाको रुपमा पनि लिने गरिन्छ । यसको निर्माण छाला र काठबाट बनेको हुन्छ ।

- झ्याम्टा

झ्याम्टा पनि राई जातिको एउटा महत्वपूर्ण बाजा हो । ढोल सागसँगै झ्याम्टा पनि साखेवा नाचमा बजाइन्छ । साथै विजुवाहरुले पनि थानमा बस्दा, पूजाआजा गर्दा प्रयोग गरेको पाइन्छ । यो काँसको धातुबाट बनाइएको हुन्छ ।

- ढ्याङ्ग्रो

ढ्याङ्ग्रो प्राय धामी झँाक्री, बिजुवा साथै उनिहरुका सहयोगीहरुले बनाउने गरेको पाइन्छ । यसको निर्माण ढ्याङ्ग्रे सल्लोको काठ र छालाबाट भएको हुन्छ । ढ्याङ्ग्रो बजाउने गजा लेकाली बेत (कुकुरदाइने) बाट तीन ठाउँमा आगोले सेकाई बङ्ग्याएर बनाइएको हुन्छ ।

- मुर्चुङ्गा

फलामबाट बनाइएको मुर्चुङ्गा किराँत राईहरुको मौलिक परम्परागत बाजा हो । मुखमा च्यापेर बजाइले यो बाजा किराँत युवाहरुले तथा युवतीहरुले आफुले मन पराएको साथीहरुलाई उपहारको रुपमा दिने प्रचलन पनि रहेको पाइन्छ ।

### ५.३.४ अध्ययन क्षेत्रको राई जातिको भेषभुषा

विभिन्न जातजातिहरु जस्तै किराँत राई जातिको पनि आफ्नै मौलिक पहिचान रहेको छ । राई जातिको मौलिक पहिचान अन्तर्गत उनिहरुले धारण गर्दै आइरहेका पहिरन, भेषभुषा, गरगहना, खानपिन, प्रयोग गर्दै आइरहेका सामाग्रहरु आदि पर्दछ । राई जातिका महिला एवम् पुरुषहरुले धारण गर्ने भेषभुषा र गरगहनाहरुमा लिङ्गअनुसार भिन्नता रहेको पाइन्छ । राई महिलाहरुले आफुलाई विभिन्न प्रकारका लुगाफाटा एवम् गरगहनाले सिंगारेका हुन्छन् भने राई पुरुषहरुले गरगहनामा खासै ध्यान दिएको पाइदैन । राई जातिहरु विशेषत पित्रीपुजक र प्रकृतिपुजक हुन । आजको बदलिँदो परिस्थितिमा पनि राईहरुले आफ्नो धर्म, संस्कृति र इतिहासलाई जीवन्त दिदै आइरहेको पाउन सक्छौ । राईहरुले आफ्नो दैनिक गतिविधि, संस्कृति आदिमा प्रयोग गर्दै आइरहेको भेषभुषा, गरगहना राई जातिको सुन्दर मौलिकतासँग जोडिएको पाइन्छ । अध्ययन क्षेत्रका राई जातिले प्रयोग गर्ने भेषभुषालाई विभिन्न उपशीर्षकमा तल प्रस्तुत गरिएको छ ।

#### ५.३.४.१ बालबालिकाहरुको भेषभुषा

राई जातिका बालबालिकाहरुलाई दश-बाह्र वर्षको उमेरसम्म भोटो वा लामो प्रकारको दौरा लगाइदिने चलन रहेको पाइन्छ । छोरी मान्छेलाई तीन वर्ष भन्दा पछि विजोडी वर्षमा गुन्यूचोली दिइन्छ त्यसपछि छोरी मान्छेले गुन्युचोली लगाउने गर्दछन् । छोरी मान्छेलाई प्रायः पास्नीको बेलामा नाक र कान छेडिदिने चलन छ । राई जातिले बालिकालाई हातमा चाँदीको बाला लगाईदिने र बालकलाई कानमा सुनको गोकुल लगाइदिने गरेको पाइन्छ ।

#### ५.३.४.२ महिलाहरुको भेषभुषा

राई जातिका महिलाहरुको भेषभुषामा सामान्यतया, छिटको गुन्यु, चौबन्दी चाली, पटुकी, खाँडीको बाक्लो बर्को, लोती, मेख्ली आदि प्रयोग गरेको पाइन्छ । छिटको गुन्युलाई गुन्यु, फरिया आदि नामले पनि चिनिन्छ । यो कैँचीमार तरिकाले लगाइन्छ । यो प्रायः कालो भुँइमाथि सेतो छिट भएको हुन्छ भने आजभोली यो अनय रङ्हरुको पनि प्रयोग हुँदै आएको पाइन्छ । चौबन्दीचोलीमा प्राया ढाकाको छाप भएको हुन्छ । यसको चार ठाउँमा दुई-दुई वटा तुना

बनाइएको हुन्छ । आजभोली विदेशी प्रभावले आधुनिक आयातित चौबन्दीचोली पनि लगाउने चलन पाइन्छ । महिलाहरुले प्राय सेतो रङ्को लामो १६ हाते पटुकी कम्मरमा कस्ने चलन छ उक्त पटुकी कपासको धागो बाट बनाइएको हुन्छ । उक्त पटुकीमा महिलाहरुले सानो खुरुम्बी भिर्ने चलन छ । राई महिलाहरुले आफ्नो कम्मरमा लुङ्गी जस्तै एकप्रकारको लुगा बाँध्ने गर्दछन् जसलाई मेख्ली भनिन्छ । त्यसैगरी उनीको धागोबाट बनेको लोती कम्मरमा बाँध्ने गरिन्छ । जसको लम्बाई झण्डै इजारको जतिकै हुनेगर्दछ । महिलाहरुले पटुकाको छेउमा गाँठो पारी पोल्टोमा एउटा थैली बोक्ने चलन छ । यो सानो झोला जस्तै बुनेर एकमुखे, दुईमुखे वा तीन मुखे बनाइन्छ । यसलाई खोल्न र बन्द गर्नको लागि सुर्काउने राखिन्छ । राईहरुको परम्परा अनुसार केटी माग्न जाँदा केटी राजी भएपछि थैलीमा केही पैसा राखेर केटाले केटिलाई दिने चलन छ । त्यसदिन देखि केटी केटाको अधिकारको हुन्छ भन्ने मान्यता रहेको पाइन्छ ।

### ५.३.४.३ पुरुषहरुको भेषभुषा

राई पुरुषहरुले आफ्नो मौलिक भेषभुषाको रुपमा सामान्यतया दौरासुरुवाल, फेङ्गा, भोटो, टोपी, पटुका आदि लगाउने गरिन्छ । सुरुसुरुमा राई पुरुपाहरुले आफ्नो मौलिक पोषाकको रुपमा ठूलो र लामो फेर भएको दौरा मात्र लगाउने चलन भएतापनि आजभोली सुरुवालको पनि प्रचलन रहेको पाइन्छ । दौरा सुरुवाल कपासबाट निर्मित खाँडीको, कोकटीको धागोलाई तानमा बुनेर तयार गरिन्छ । फेङ्गालाई पुरुषहरुले अस्कोटको रुपमा लगाउने गर्दछन् । फेङ्गा भाङ्ग्राबाट निर्मित हुन्छ जो अल्लोको धागोबाट बनेको हुन्छ । यो प्रायगरी माथी माथी लेकको भागमा तथा चिसो ठाउँमा बसोबास गर्ने राईहरुले लगाउने गरेको पाइएको छ । परम्परागत पोशाकको रुपमा राई पुरुषहरुले भोटोपनि लगाउने गर्दछन् । यो पनि अल्लोको धागो वा कपासबाट बनाउने गरिन्छ । यो पुरुषहरुले दौरासुरुवाल माथी लगाउने गर्दछन् ।  टोपीको रुपमा ढाका टोपी सबै राई पुरुषहरुले शिरमा धारण गर्ने गर्दछन् । राई समुदायको प्रमुख व्यक्तिले एकप्रकारको पगरी पनि लगाउने गर्दछन् जसलाई तोँरिसे पनि भनिन्छ । तर यो सबै व्यक्तिले भने प्रयोग गर्दैनन् । पुरुषहरुले पनि महिलाले सरह १६ हाते (६ मिटरको) पटुका बाँध्ने चलन रहिआएको पाइन्छ । यसको पनि रङ सेतो नै हुने गर्दछ । पुरुषहरुले दौरासुरुवालमा पटुका बाँधेपटि खुकुरी भिर्ने पनि चलन रहिआएको पाइन्छ ।

### ५.३.५ खानपान

अध्ययन क्षेत्रका राईहरुको मुख्य खाना दाल, भात र तरकारी नै हो । प्रायगरी यस क्षेत्रमा धान खेती कम हुने गर्दछ र मकै, कोदो, भटमास आदि खेती बढी हुने गर्दछ। धान खेती कम हुने भएतापनि स्थानिय हाटबजार तथा धरान बजारबाट धानको चामाल खरिद गरी धानको चामालको भात नै बढीमात्रामा खाने गरेको पाइन्छ । दालको रुपमा कालो मासको दाल, मसेम, बोडी आदि प्रयोग गरिन्छ र तरकारीको रुपमा स्थानिय रुपमा उपलब्ध सागपात माछमासु आदि नै बढी प्रयोग गरेको पाइन्छ । माछामासुमा सँगुर, कुखुरा, खसि बाखा, राँगा भैसी आदि बढी मात्रामा प्रयोग गरिएको पाइन्छ। त्यसैगरी जाँड रक्सी पनि खाने गर्दछन् ।

राई जातिको परम्परागत खानपानलाई हेर्ने हो भने आफ्नो छुट्टै तरिकाको खानपानको तरिका रहेको पाइन्छ । जसको बनावट र स्वादमा पनि भिन्नता पाइन्छ । राईहरुले अन्नबाट विभिन्न परिकारहरु बनाइ खाने गर्दछन् । मकैबाट विभिन्न परिकार बनाइ खाने गर्दछन् । सामान्यतया मकैको चामालको भात र पिठोको ढिडो र पिठे भात बनाई खाने गरिन्छ । मकै भुटेर खाजाको रुपमा खाइन्छ । भुटेको मकै सातु बनाएर पनि खाने गरिन्छ । मकैको जाँडा रक्सी बनाएर पनि खाने गरिन्छ। कोदोबाट पनि जाँड बनाइन्छ। सुत्केरी हुँदा वा जीउ दुखेको बेला मेथी, जुवानो र हरियो सौंपको पत्ता, लसुनको पत्ता सहित कोदोको जाँड घ्युमा भ्फानेर खाने गरिन्छ। कोदोको जाँडाबाट रक्सी बनाइन्छ, तीनपाने रक्सी बनाएर सर्दी लाग्दा र चिसो लाग्दा औषधीको रुपमा पनि खाने गरिन्छ। कोदोको ढिडो तथा रोटिपनि बनाई खाने गरिन्छ । धानको चामालको भात, खोले भात, भाति जाँड, पिठोको सेलरोटी आदि बनाई खाने गर्दछन् । त्यसैगरी घिउमा भुटेर चाम्रे भात, पुवा पनि बनइन्छ र दुध सँग पकाएर खिर पनि बनाउने गरिन्छ। भटमास उसिनेर किनेमा बनाइन्छ। किनेमा राई जातिको विशेष खाना अन्तर्गत पर्दछ । जाडो महिनामा यसको भ्फोल बनाएर खाइन्छ । भटमास चामल सँग मिसाएर खिचडी पनि बनाइन्छ । मास मसेमको दाल खाने गरिन्छ । कालो मासको दालमा छ्यापी भ्फानेर खाइन्छ । कालो दाललाई उसिनेर पित्रीपुजा गर्दा चुलोमा चढाउँछन् पछि यसलाई प्रसादको रुपमा खाइन्छ । कालो दालको फुरोला बनाई माघे सङ्क्रान्तिमा खाने गर्दछन् त्यसैगरी कालो दालमा सुँगुरको खुट्टा मिसाएर दालखुट्टी पनि खाने गरिन्छ । फिलिङ्गे, तिल आदिको अचार बनाई खाइन्छ ।

फिलिङ्गेको अचार विशेष गरेर मंसिरमा दाइँ गर्ने समयमा खाइन्छ । विवाह, छेवरजस्ता धर्मकर्मको बेलापनि यसको अचार खाइन्छ । फिलिङ्गेबाट पिसेर तेल पनि बनाइन्छ जुन रोटी पोल्दा तथ बत्ती बाल्दा प्रयोग गरिन्छ ।

# परिच्छेद - छ

# सारांश, निष्कर्ष र सुझावहरु

## ६.१ सारांश

राई जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तन सम्वन्धी यो अध्ययन सुनसरी जिल्ला धरान उपमहानगरपालिका वडा नं. २० को राई जातिको मानिसहरुमा गरिएको थियो । राई समुदायको पारीवारिक संरचना, स्वास्थ्य तथा शैक्षिक अवस्थ, सामाजिक आर्थिक अवस्थामा आएको परिवर्तन, उनिहरुको रहनसहन, भेष्नभुषा तथा चाडपर्वहरुको पहिचान गर्नु यस अध्ययनको मुख्य उद्देश्य थियो । वर्णनात्मक तथा विश्लेषणत्मक ढाँचा प्रयोग गरिएको यस अध्ययनमा धरान उपमहानगरपालिका वडा नं. २० स्थित विष्णुपादुकालाई छनौट गरिएको थियो । अध्ययन क्षेत्रको जम्मा १८७ घरधुरी राईहरु मध्ये त्यसको लागभग ३५ प्रतिशत हुनेगरी ६५ घरधुरीलाई सामान्य सम्भाव्यता नमुना छनौट विधिद्वारा नमुनाको रुपमा छनौट गरिएको थियो । यसरी नमुनामो रुपमा लिएको घरपरिवारबाट एक-एक जना घरमुलिलाई अन्तर्वार्ता सूचिको प्रयाृग गरेर तथ्याङ्क संकलन गरिएको थियो । साथै अन्य आवश्यक तथ्यहरुको लागि जान्ने बुढापाका व्यक्तिहरु, विज्ञहरु, शिक्षक, स्थानीय राजनैतिककर्मीहरु तथा समाजसेवीहरुबाट पनि अथ्याङ्क संकलन गरिएको थियो । धरान उपमहानगरपालिका वडा नं. २० को विष्णुपादुका र त्यहाको राई जातिमा मात्र सिमित यो अध्ययनमा प्राप्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्दै व्यवस्थित रुप दन सामान्य तथ्याङ्कशाास्त्रिय विधि अनुरुप तालिका, प्रतिशत, चित्र आदिको आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ । तथ्याङ्कको संकलन र त्यसको व्याख्या विश्लेषणको आधारमा सारांशालाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएको छ ।

पारिवारिक संरचनालाई हेर्दा संयुक्त परिवार नै धेरै रहेको छ । एउटा दम्पतिले धेरै सन्तान जन्माउने परम्पराबाट दुईवटामात्र सन्तान जम्नाउने प्रक्रिया बढेदै गएको देखिन्छ । अधिकांश परिवारको संख्या ५ देखि ७ जनाको रहेको पाइयो । परिवारको आकरलाई हेर्दा ठूलो आकारको परिवारमा बस्नेहरुको संख्या घट्दोक्रममा रहेको छ । अध्ययन क्षेत्रमा अधिकांश

उत्तरदाताहरु शाक्षर रहेको पाइयो । पहिलाको तुलनामा शाक्षरताको दर बढेको पाइन्छ । त्यसैगरी परिवारका जम्मा सदस्यहरुमा पनि धेरै सदस्यहरु शिक्षित रहेको पाइएको छ ।

राई जातिको मानिसहरुको जन्मदेखि मृत्युसम्मका विभिन्न प्रक्रियाहरु सम्पन्न गर्न आफ्नै प्रकारको रितिस्थिति रहेको पाइयो ।राईहरुले आफ्नो घरमा चुलो स्थापना गर्दा पितृहरु बस्ने प्रतिकको स्वरुप तीनवटा ढुङगाको प्रयोग गरी सामान्यतया वैशाखे पूर्णिमा, असोज पूर्णिमा र मंसिरे पूर्णिमाको अवसरमा स्थापना गर्दछन् । सामान्यतया छोरा जन्मेको ४ वा ६ दिनमा र छोरी जन्मेको ३ वा ५ दिनमा बच्चाको नाम राख्ने  सुत्केरी आमा चोख्याउने गरी न्वारान सम्पन्न गरिन्छ । चाँदीको ढ्याके रुपैयाको चम्चिले खानाको पहिलो गाँस खुवाउदै छोराको ४ वा ६ महिनामा र छोरीको ३ वा ५ महिनामा पास्नी गरिन्छ । छोरा जन्मेको २ वर्ष वा सो भन्दा माथिको जोडी वर्षमा गोठमा लगि गलामा दाम्लोले बाँधी मामा वा जेठोपाकाले कपाल काटी छेवर गर्ने प्रचलन छ । सामान्यतया छोरी जन्मेको ३ वर्ष पछाडिको बिजोडी बर्षमा नयाँ गुन्युचोलो, पटुकी र बर्को पहिराई गुन्युचोलो दिने गरेको छ । विवाहको प्रचलनलाई हेर्दा अध्ययन क्षेत्रका मागी विवाह, प्रेम विवाह, चोरी विवाह तथा जारी विवाह समेत गर्ने गरेको पाइयो । मागी विवाह गर्दा केटाको तर्फबाट केटीको घरमा रक्सीको कोसेली लागी केटी मगनी गर्ने र उक्त कार्यको छिनोफानो केटापक्ष र कटीपक्ष गरी चारजना कलिया, कुटुनी र गाउँघरको जान्नेसुन्ने अग्रजहरुको भूमिका रहने गर्दछ । राई जातिमा केटीको सहमती तर केटीको बाबुआमा तथ माइतीको असहमती भएको अवस्थामा केटिलाई भगाएर चोरी विवाह गर्ने र केटापक्षले चोरेकोमा दण्ड स्वरुप चोरको सोरमा दुई मटिया रक्सी र एउटा भाले लाने गरेको छ । अध्ययन क्षेत्रमा केटा र केटी आपसमा मन पराई गरिने प्रेम विवाहको प्रचलन बढ्दै गएको छ । त्यसैगरी अर्काको श्रीमती लगेर गरिने जारी विवाह पहिलाको तुलनामा धेरै कम भएको छ भने मन पराएको केटीलाई जबरजस्ती पक्रिएर लगि गरिने विवाह पूर्ण रुपमा लोप भएर गईसकेको छ ।

राई जातिले आफ्नो कोही मानिसको मृत्यु हुँदा भूमिपुत्रको रुपमा जमिनमा नै गाड्ने र विजुवालाई बसाई विभिन्न विधिहरु पुरा गरेर मृत्यु संस्कार सम्पन्न गर्दछन् । राईहरुले उनिहरुको पुर्खा सुम्निमा पारुहाङ तथा प्रकृतिको सम्झना गर्दै वर्षको दुईपटक उँधौली र

उँभौली पुजा गर्ने गरेको छ । उँधौली पुजा मंसिरे पूर्णिमा देखि सुरु भई पन्ध्र दिनसम्म र उँभौली पुजा वैशाखे पूर्णिमा देखि पन्ध्र दिनसम्म गरिन्छ । साथै राईहरुले सबै जातिहरुले मनाउने साझा चाडहरु मध्ये दशै, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति पनि मनाउने गरेका छन् । राई जातिका मानिसहरुले प्रयोग गर्ने बाजाहरुमा बिनायो, मुर्चुङ्गा, मुरली, बाँसुरी, यलम्बर, ढोल, झ्याम्टा, ढ्याङ्ग्रो, साथै सिङ, रुखविरुवाको पात, सुसेली आदि प्रयोग गर्दछन् । राई जातिको बालबालिकालाई सानो उमेरमा भोटो तथा दौरा लागाइदिने र बालिकाको हातमा चाँदीको बाला र बालकको कानमा सुनको गोकुल लगाइदिने गरिन्छ । महिलालरुको भेषभुषामा सामान्यतया छिटको गुन्यु, चौबन्दीचोली, पटुकी, खाँडीको बर्को, लोती आदि लगाउने गरिन्छ । त्यसैगरी पुरुषको परम्परागत भेषभुषाको रुपमा दौरा सुरुवाल, फेङ्गा, भोटो, टोपी, पगरी, पटुका आदि लगाउने गरेको छ । राई जातिका मानिसहरुले मुख्य खानाको रुपमा दाल, भात र तरकारी नै खाने गरेका छन् । धान खेति कम भएता पनि स्थानिय हाटबजारबाट खरिद गरेर भएपनि धानको चामालको भात, मास मसेमको दाल, सागपात तथा माछामासुको तरकारी खाने गर्दछन् ।

## ६.२ निष्कर्ष

धरान उपमहानगरपालिका वडा नं. २० विष्णुपादुकाको राई जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तन सम्वन्धी अध्ययनबाट निम्न निष्कर्ष निकाल्न सकिन्छ ।

### १. पारिवारिक संरचनामा परिवर्तन

अध्ययन क्षेत्रको परिवारको संरचना संयुक्त परिवारबाट एकल परिवार तर्फ उन्मुख रहेको छ । त्यसैगरी एउटै बाबुआमाले धेरै वटा सन्तान जन्माउने परम्परालाई छाड्दै दुई वटा मात्र सन्तान जन्माउने परम्परालाई अंगाल्नु थालेको छ । ठूलो आकारको परिवार वा संयुक्त परिवारमा बसोबास गर्नेको संख्या घट्दोक्रममा र सानो आकार वा एकल परिवारमा बस्नेको संख्या बढ्दोक्रममा रहेको छ ।

## २. स्वास्थ्य तथा शैक्षिक अवस्थामा परिवर्तन

उत्तरदाता घरमुलिहरुको शैक्षिक अवस्था एकदम राम्रो छ । निरक्षरता प्रतिशत एकदम कम छ । प्रोढशिक्षा जस्ता कार्यक्रमले पनि साक्षरता प्रतिशत बढाउने कार्यमा सहयोग गरेको छ । समग्र जनसंख्याको साक्षरता दर बढ्दोक्रममा छ भने निरक्षरता दर घट्दोक्रममा छ । साक्षर जनसंखया मध्ये पनि उच्चशिक्षा प्राप्त गर्ने मानिसहरुको संख्या दिन प्रतिदिन बढीरहेको छ । अध्ययन क्षेत्रका मानिसहरु पुराना तथा परम्परागत उपचार पद्धतिको भन्दा आधुनिक उपचार पद्धतिको प्रयोग बढी गर्न थालेका छन् । उनिहरु धामी, झाक्री, बोक्सी, भुतप्रेत जस्ता कुराहरुमा विश्वास गर्न छाडेका छन् । स्वास्थ्य सुविधाको विकास तथा जनचेतनाले होला स्वास्थ्य संस्था तथा चिकित्सककोमा उपचार गराउने क्रम बढिरहेको छ ।

## ३. सामाजिक आर्थिक अवस्थामा परिवर्तन

राई जातिको संस्कार, चालचलन, लवाई, खुवाई पहिचानयुक्त रहेको छ । पितृसतात्मक परिवारको छाप पूर्ण रुपमा नहटेको भएता पनि महिला शसक्तिकरण बढ्दै गएको छ । महिलाहरु समूह बनाउने, सामाजिक क्रियाकलापमा सहभागी हुने गरेका छन् । नयाँ पिढीको भने लवाई खुवाई बोलीचाली भेषभुषा आदि आधुनिकता तर्फ उन्मुख छ । मुख्य पेशाको रुपमा कृषि नै रहेतापनि व्यापार व्यावसाय, नोकरी वैदेशिक रोजगारको प्रचलन बढ्दो छ । कृषिमा नगदेवालीलाई प्राथमिकता दिएको छ  जसले आर्थिक अवस्था सुधार गर्न सहयोग गरेको छ । नगदेवाली तथा व्यापार व्यवसायको कारणले अधिकांशको आम्दानीको स्तर मध्यम खालको नै छ । कतिपय मानिसको कोरिया लगाएतका देशमा वैदेशिक रोजगारीको कारणले आम्दानिको स्तर उच्च पनि रहेको छ ।

## ४. संस्कार संस्कृतिको धनि

राई जातिको जन्मदेखि मृत्यु सम्मको आफ्नै रितिरिवाज रहेको छ । आफ्नै तरिकाले चुलो स्थापना गर्ने बच्चाको न्वारान, पास्नी छेवर गर्ने, गुन्युचोलि दिने गर्दछन् । विवाहमा मागि विवाह, प्रेम विवाह, चोरी विवाह, जारी विवाह, अन्तरजातिय विवाह सबैलाई स्विकार्ने गर्दछन् । मानिसको मृत्यु हुँदा भूमिपुत्रको रुपमा जमिनमा नै गाढ्ने गरिन्छ । आफ्नो मौलिख चाडको

रुपमा उँधौली उँभौली दुवै मान्ने गरिन्छ साथै उन्य चाडहरु दशै, तिहार, माघे संक्रान्ति पनि मान्ने चलन छ । बिनायो, मुर्चुङ्गा, बाँसुरी, मुरली, ढोल, झ्याम्टा आदि मौलिक बाजाको रुपमा रहेको छ । पुरुषहरुले मौलिक भेषभुषाको रुपमा दौरासुरुवाल, फेङ्गा, भोटो, टोपी, पगरी, पटुका आदि लगाउने गर्दछन् । महिलाले छिटको गुन्यु, चौबन्दी चोली, पटुकी, खाँडीको बर्को आदि लगाउने र बालबालिकालाई भोटो तथा दौरा लागाइदिने, हातमा चाँदीको बाला र कानमा सुनको गोकुल लागइदिने गरिन्छ ।

**५. विकासका पुर्वाधारहरुको अभाव**

उपमहानगरपालिका भएता पनि पूर्वाधारको पर्याप्त उपलब्धता हुनसकेको छैन् । अधिकांश पहाडि भुधरातलले गर्दा विकास निर्माणमा पछाडि छ । सडक यातायात पुगेता पनि कच्चि सडकमा मात्र सिमित छ । खोलानालामा पुलपुलेसाको अभाव छ । सबै भुभाग तथा स्थानमा टेलिफोन सम्पर्क सहजरुपमा हुन सक्दैन । राम्रो स्वास्थ्य सेवा तथा सुविधाको लागि धरन बजार नै आउनुपर्ने अवस्था छ । त्यसैले कतिपयले यस क्षेत्रलाई सुनसरी वा धरानको कर्णालि पनि भन्ने गर्दछन् ।

**६.३ सुझावहरु**

राई जाति आफ्नै पहिचान, संस्कार, संस्कृति, भेषभुषा तथा भाषा भएको जनजाति हो । राई जाति आर्थिक, सामाजिक, शैक्षिक तथा राजनैतिक दृष्टिले मध्यमस्तरमा नै रहेको जाति हो । राईहरुले शैक्षिक, राजनैतिक, आर्थिक लगाएतका पक्षहरुमा राम्रै फड्को मार्दै आइरहेको छ । प्रशासनिक क्षेत्रमा पनि आफ्नो पँहुच बढाउन थालेको छ । तर अध्ययन क्षेत्रको राई जाति भने हरेक क्षेत्रमा अरुको तुलनामा पछाडि परेको देखिन्छ । पछाडि परेका जाति तथा समुदायको उन्नति र विकासको लागि मुख्यत शैक्षिक र आर्थिक प्रगति हुन आवश्यक छ । अध्ययन क्षेत्रका राई जातिको उन्नति तथा विकासको लागि आवश्यक सुझावहरु तथा अध्ययन क्षेत्रमा गर्न सकिने थप अध्ययन अनुसन्धानको लागि निम्नलिखित सुझावहरु प्रस्तुत गरिएको छ ।

१. अध्ययन क्षेत्रका राई जातिहरु शिक्षामा पनि पछि परेको देखिन्छ । उनिहरुको शैक्षिक स्तर उकास्नको लागि प्रयाप्त शैक्षिक संस्था तथा विद्यालयहरुको स्थापना गर्नु पर्दछ । बाबुआमाको

शैक्षिक स्तरले पनि उनिहरुको परिवारको शैक्षिक अवस्थ निर्धारण हुने गर्दछ । त्यसैले अशिक्षित बाबुआमाको शैक्षिक अवस्था सुधारगर्न प्रौढ शिक्षा जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

२. अर्थिक अवस्था उकास्नको लागि नगदेवाली उन्मुख कृषि प्रणालिलाई जोड दिई कृषिमा आधुनिकिकरण गर्नुपर्दछ । कृषकहरुलाई विभिन्न तालिम तथा आधुनिक सामाग्रीहरुको उपलब्धता गराउनु पर्दछ ।

३. पर्यटकिय क्षेत्रको लागि उच्च सम्भावना बोकेको क्षेत्र भएकोले पर्यटन प्रवर्द्धनलाई जोड दिनुपर्दछ ।

४. धरान बजार नजिक भएकोले मानिसलाई व्यापार व्यवसाय तर्फ प्रोत्साहन गर्नको लागि सहज र सौलियत व्याजदरमा ऋण सुविधा उपलब्ध गराइनु पर्दछ ।

५. अध्ययन क्षेत्रमा राईहरुको आफ्नो मातृभाषा लोप हुदै गएको छ । त्यसको विकासको लागि आधारभूत तथा प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने व्यवस्था गर्नु पर्दछ ।

६. राई जातिको नयाँ पिढीका मानिसहरु आफ्नो संस्कार, संस्कृति, चालचलन विर्सिएर आधुनिकता तर्फ र भड्किलो व्यवहार तर्फ उन्मुख भएको छ । त्यसको नियन्त्रणको लागि चतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक छ ।

७. यस क्षेत्रमा आधारित रहेर गरिने अध्ययन आनुसन्धानलाई प्रोत्साहन गरिनुपर्दछ ।

## सन्दर्भ सामग्री


अर्याल, कृष्ण गोपाल (२०६८): कीर्तिपुर नगरपालिका वडा नं. ७ का तरकारी खेतीमा संलग्न कृषकको सामाजिक, सांस्कृतिक एवं आथिक अवस्था एक अध्ययन, अप्रकाशित शोधपत्र त्रिभुवन विश्वविद्यालय त्रि-चन्द्र बहुमुखी क्याम्पस समाजशास्त्रमानवशास्त्र विभाग, घण्टाघर, काठमाडौं ।

केन्द्रिय तथ्याङ्क विभाग, (२०६८), काठमाडौं, नेपाल ।

खरेल, चुडामनी, (२०१५), लिम्बु जातिमा धान नाचको सामाजिक तथा सांस्कृति महत्व र यसमा आइरहेको परिवर्तन । अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं ।

ढकाल, वेदप्रकाश (२०७१) गरुङ जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तन गोर्खा जिल्ला थालाजुङ गा.वि.स. को एक समाजशास्त्रीय अध्ययन । मानविकी सामाजिकशास्त्र संकाय, रत्नराज्य लक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं ।

तिमिल्सीना, पशुपति (२००६) : The Hayu Verbs : A thesis submited by Center Department of Linguistics T.U. , Kritipur Kathmandu.

थापा, पुष्कल (२०६८), माझी जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था (सिन्धुी जिल्ला टाँडी गां वि.स. वडा नं. ५ माझीहरुको एक अध्ययन) अप्रकाशित शोधपत्र त्रिभुवन विश्वविद्यालय सिन्धुली बहुमुखी क्याम्पस समाजशास्त्र विभाग, सिन्धुली ।

बालबालिकाको स्थिती पत्र - २०७५, धरान उपमहानगरपालिका, धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यलय धरान, सुनसरी ।

राई मुकारुङ, जयप्रसाद (२०६२), रिदुम् मुन्दुम, साथी प्रकाशन, प्रम्प्ट प्रिन्टर्स प्रा.लि. काठमाडौं ।

राई मुकारुङ, बालकृष्ण (२०६७), किरात राई जातिको रीतिरिवाज, शुभदृष्टि छापाखाना प्रा.लि. काठमाडौ. ।

विष्ट, डोर वहादुर (१९७६), पिपल अफ नेपाल काठमाण्डौ रत्नपूस्तक भण्डार ।

वैद्य कोशल राज (२०६५), मगर जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था (प्युठान जिल्ला माझकोट गा.वि.स.का मगर जातिको एक अध्ययन) अप्रकाशित शोधपत्र त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विभाग, कीर्तिपुर, काठमाडौं

शर्मा, जनकलाल (२०५०), नेपालको धार्मिक मत र सामाजिक संरचन हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन, काठमाण्डौ ।

शर्मा, नगेन्द्र (२०५२), नेपाली जनजीवन काठमाण्डौ साझा प्रकाशन ।

हतुवाली, चन्द्रकुमार (२०६५), किरात राई जातिभित्रका केही विशेष संस्कृतिहरु, शब्दघर अफसेट प्रेस बागबजार, काठमाडौं ।

www.dharan.gov.np/?page_id=505. retrived on 8 february, 2019

www.dharan.gov.npl? page_id = 235. retrieved on 7 february, 2019

## अनुसूचि १

## तथ्याङ्क संकलनको क्रममा घरधुरी सर्वेक्षणको क्रममा प्रयोग गरिएको अर्न्तवार्ता सूचि

घरसंख्या :

१) व्यक्तिगत विवरण

क) नाम : 　　ख) उमेर : 　　ग) पेशा :

घ) शिक्षा : 　　ङ) भाषा : 　　च) धर्म :

छ) लिङ्ग :

२) पारिवारीक विवरण

| क.स | विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| क) | ०-५ | | |
| ख) | ६-१४ | | |
| ग) | १५-५९ | | |
| घ) | ६० भन्दा माथि | | |

३) तपाँईले कति वर्षको उमेरमा विवाह गर्नु भएको हो ?

४) कुन उमेरमा विवाह गर्न उपयूक्त मान्नु हुन्छ ?

क) १५ वर्ष मुनि 　　ख) १५-२० वर्ष विचमा 　　ग) २० वर्ष भन्दा माथि

५) तपाँईले कस्तो किसीमको विवाह गर्नु भएको थियो ?

क) प्रेम विवाह 　　ख) मागि विवाह 　　ग) अन्य

६) तपाईको विवाह प्रथामा कस्ता परिवर्तन आएका छन ?

७) तपाँईको परिवार कस्तो परिवार हो ?

क) एकात्मक  ख) सयूक्त  ग) वृहत

८) समुदायमा हुने सभा तथा बैठकमा तपाँईको घर वाट कसले सहभागिता जनाउदछ ?

क) महिला  ख) पुरूष

९) तपाँईको विचारमा महिलालाई विवाहमा दाईजो दिनु पर्दछ कि पर्दैन ?

क) पर्दछ  ख) पर्दैन  ग) अन्य

१०) स्वास्थ्य उपचार कहाँवाट लिने गर्नुहुन्छ ?

क) स्वास्थ्य संस्था  ख) धामी झार्कि  ग) अन्य

११) तपाँईले प्रयोग गर्ने पानीको श्रोत के हो ?

क) मुलको  ख) ईनार/कुवा  ग) धारा  घ) अन्य

१२) तपाँईलाई खोपको वारेमा थाहा छ ?  क) छ  ख) छैन

१३) प्रसुति सेवा, गर्भवति जाँचको लागि स्वास्थ्य संस्था जाने गर्नु भएको छ ?

क) छ  ख) छैन

१४) प्रसुति गराउदा कहाँ गराउनु हुन्छ ?

क) पर्दछ  ख) पर्दैन  ग) अन्य

१५) सुत्केरी पछिको पहिलो दुध वच्चालाई खुवाउनु हुन्छ कि फाल्नुहुन्छ ?

क) खुवाउनु हुन्छ  ख) फाल्नुहुन्छ

१६) सुत्केरी हुदा र महिनावारी हुदा कहाँ वस्नु हुन्छ ?

क) घरमा 		ख) गोठमा

१७) गर्भवति अवस्थामा कम्तिमा कति पटक स्वास्थ्य परिक्षण गराउनु पर्दछ ?

क) २ 		ख) ४ 		ग) आश्यकता अनुसार 		घ) थाहाछैन

१८) परिवार नियोजनका साधन वारे तपाँईलाई जानकारी छ ?

क) छ 		ख) छैन

१९) परिवार नियोजनका कुन कुन साधन प्रयोग गर्नुहुन्छ ?

क) अस्थायी 		ख) स्थायी 		ग) प्रयोग नगरेको

२०) तपाँई आफ्नो वच्चालाई कहाँ पढन पठाउनु हुन्छ ?

क) सरकारी स्कुल 		ख) निजि स्कुल 		ग) पठाएको छैन

२१) तपाँईको परिवारको साक्षरता स्तर कस्तो छ ?

| क.स. | शेक्षिक योग्यता | महिला | पुरूष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| क | साधारण साक्षर | | | | |
| ख | प्राथमिक तह सम्म | | | | |
| ग | माध्यमिक तह सम्म | | | | |
| घ | उच्च शिक्षा | | | | |

२२) तपाँईको विचारमा छोरीलाई पढाउनु पर्दछ ?

क) पर्दछ 		ख) पर्दैन

२३) तपाँई कुन भाषा वोल्नु हुन्छ ?

क) आफ्नै भाषा ख) राष्ट्रिय भाषा ग) अन्य

२४) तपाँईको घरको वनावट कस्तो छ ?

क) फुसको छानो ख) ढुङ्गाको छानो ग) पक्कि

२५) तपाँईले मनाउने मुख्य चाड कुन हो ?

क) दशै ख) तिहार ग) साकेला

माथि उल्लेख गरीएका वाहेक अन्य कुन कुन चाड मनाउने गर्नुहुन्छ ?

२६) तपाँईले कुन संस्कारलाई वढि महत्व दिनु हुन्छ ?

क) जन्म संस्कार ख) विवाह संस्कार ग) मृत्यू संस्कार

२७) तपाँईकहाँ आउने पाहुनालाई के ले स्वागत गर्नु हुन्छ ?

क) चिया पानी ख) जाँड रक्सि ग) अन्य

२८) तपाँई मनाउने चाड पर्वमा कुन वस्तुको वढि प्रयोग गर्नु हुन्छ ?

क) माछा मासु ख) दुध दहि ग) अन्य

२९) मृत्यू संस्कारमा कति दिन दुःख राख्ने गर्नु हुन्छ ?

क) ५ दिन भन्दा कम ख) ५ दिन भन्दा वढि ग) १३ दिन सम्म

३०) छोरा छोरीको अन्य प्रासन एउटै उमेर गर्नुहुन्छ ?

क) गर्दछौं ख) गर्दैनौ

३१) तपाँईको जग्गा जमिन कस्को नाममा छ ?

क) पुरूष ख) महिला

३२) तपाँईको घरमा शौचालय छ ?

क) छ　　　　　　　ख) छैन

३३) तपाँईको जग्गा जमिन कति रोपनि छ ?

क) ०-५ रोपनि　　　ख) ५-१० रोपनि　　　　　ग) १०-१५ रोपनि

घ) १५ रोपनि भन्दा माथि

३४) तपाँईको जग्गाको उत्पादनले कति महिना खान पुग्दछ ?

क) ३　　　　　　　ख) ६　　　　ग) ९　　　　घ) ९ भन्दा माथि

३५) तपाँईले उत्पादन गर्ने मुख्य खाद्य वालि कुन हो ?

क) धान　　　　　　　　　ख) मकै　　　ग) कोदो　　　　　घ) अन्य

३६) तपाँईले लगाउने प्रमुख नगदे वालि कुन हो ?

३७) तपाँईका घरका सदस्यहरू कुन-कुन पेशामा संलग्न हुनु हुन्छ ?

| क.सं. | मुख्य पेशा | संख्या |
|---|---|---|
| १ | कृर्षि | |
| २ | ब्यापार | |
| ३ | जागिर | |
| ४ | वैदेशिक रोजगार | |
| ५ | ज्याला मजदुरी | |

३८) तपाँईको घरमा पाल्ने पशु पक्षिहरू के के हुन ?

| क.सं. | पशुपालन | संख्या |
|---|---|---|
| १ | भैसी | |
| २ | गाई/गोरू | |
| ३ | बाखा/भेडा/खसि | |
| ४ | कुखुरा/परेवा/हाँस | |
| ५ | सुंगुर/वंगुर | |

३९) पशुपालन ब्यवसाय वाट तपाईले बार्षिक कति रूपैया सम्म आम्दानी गर्नु हुन्छ ?

क) १५००-५०००   ख) ५०००-१५०००   ग) १५०००-३००००

घ) ३०००० भन्दा माथि

४०) तपाँईले विभिन्न पेशा/ब्यवसाय वाट बार्षिक कति आम्दानी गर्नु हुन्छ ?

क) १२००० भन्दा कम ख) १२०००-३००००   ग) ३००००-५००००

घ) ५०००० भन्दा माथि

४१) बार्षिक आम्दानी वाट कुन कुन शिर्षकमा कति खर्च गर्नु हुन्छ ?

| क.सं. | खर्च शिर्षक | खर्च |
|---|---|---|
| १ | शिक्षा | |
| २ | स्वास्थ्य | |
| ३ | घर व्यवहार | |
| ४ | चाड पर्व | |
| ५ | धार्मिक/सामाजिक कार्य | |
| ६ | अन्य | |

## अनुसूचि २

### लक्षीत समुह छलफल

१) उद्धेश्य : राईजातीको अध्ययनमा तयार गरिएका अन्तरवार्ता सुचीबाट स्पष्ट र आउन नसकिएका तथ्यहरूलाई सामुहिक छलफलवाट सूचना संकलन गरिने छ ।

२) परिचय कार्यक्रम

शोधकर्ताको परिचय

कार्यक्रमको वारेमा जानकारी

सहभागीहरूको परिचय

३) छलफलका प्रश्नहरू

क) तपाईहरूले आफ्नै भाषा प्रयोग गर्नुहुन्छ ?

ख) भाषाको संरक्षण गर्न केही प्रयास गर्न सकिएला ?

ग) मगर समाजलाई लक्षित गरि कार्यक्रमहरु संचालन गरिएकाछन ।?

घ) तपाईहरूलो वर्षभरी मनाउने चाडपर्वहरू के के हुन ?

ङ) तपाईहरूको सामाजिक कार्य प्रति संलग्नता कस्तो रहेको छ ?

च) तपाईहरूवाट उत्पादित वस्तुहरू विक्रि नगरी किन साटफेर गर्नुहुन्छ ?

छ) शैक्षिक स्तर माथि उठाउने वारे कस्तो योजना रहेको छ ?

ज) स्वस्थ जीवनयापनका लागि अपनाउनु भएका कुराहरू (स्वच्छ पिउने पानी, शौचालय, सामुदायिक सरसफाई) ?

झ) तपाईको जातीमा जन्म, विवाह र मृत्यू संस्कार कस्तो रहेको छ ?